# गण्डकी प्रदेश सरकारका
# १८ महिना



## माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल

२०७८ जेठ २९ - २०७९ पुस




## माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल

२०७८ जेठ २९-२०७९ पुस

# गण्डकी प्रदेश सरकारका
# १८ महिना

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

© प्रतिलिपि अधिकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन : ०६१-४६७६४८, ४६७६६४, ४६७६८३, ४६७८५१
इमेल : ocmcm@gandaki.gov.np
ocmcm.gandaki@gmail.com

## प्रारम्भ

नेपालमा संघीयता लागु भएपछि गण्डकी प्रदेश सरकारले पहिलो ५ वर्षे कार्यकाल पूरा गरेको छ । नेपाली जनताले गरेको गौरवपूर्ण संघर्ष, त्याग र बलिदानीको परिणामस्वरुप ऐतिहासिकरुपमा संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासहितको नेपालको संविधान जारी भएको थियो। संविधानले नै संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार रहने व्यवस्था कार्यान्वयनमा आएको हो ।

प्रतिनिधि सभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भई २०७४ साल फागुन ४ गते गण्डकी प्रदेश सरकार गठन भएको थियो । मुलुकको परिवर्तित राजनीतिक परिस्थितिका कारण गण्डकी प्रदेशमा माननीय कृष्णचन्द्र नेपाली पोखरेलको नेतृत्वमा २०७८ जेठ २९ गते सरकार गठन भयो । सरकारको जिम्मेवारी लिइरहँदा कोभिड १९ को महामारी कायमै थियो । त्यसैमाथि अविरल वर्षासँगै बाढीपहिरोको प्रकोप थपियो । जसलाई गठबन्धन सरकारले प्रदेशको क्षमता अनुसार व्यवस्थापन गर्‍यो ।

नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नका लागि अत्यन्तै कम समय रहेको अवस्थामा सरकार गठन भएको थियो । सरकार बनेको पर्सिपल्ट नीति तथा कार्यक्रम र त्यसको भोलिपल्ट बजेट प्रस्तुत गर्नुपर्ने वाध्यात्मक अवस्था थियो । क्षमताले भ्याएसम्म सरकारले आफ्ना काम कारवाहीलाई जनमुखी र प्रतिफलयुक्त बनाएको छ । यस अवधिमा गण्डकी सरकारले सम्पादन गरेका कार्यहरुले यसको पुष्टि गर्दछ । यसका साथमा स्थानीय तह र प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचन निश्पक्ष र स्वतन्त्ररुपमा सम्पन्न गराउनका लागि प्रदेश सरकारले सशक्त र प्रभावकारी भूमिका निर्वाह गरेको छ ।

सरकार अविछिन्न उत्तराधिकारी संस्था भएकाले विगतमा सुरु भएका योजना तथा कार्यक्रमलाई निरन्तरता दिनु उसको दायित्व हो । यसैलाई बोध गर्दै वहुवर्षे तथा रणनीतिक महत्वका योजनालाई वर्तमान सरकारले निरन्तरता दिएको छ । साथमा दीर्घकालीन महत्वका योजनाहरु पनि यो सरकारले थालेको छ । कोरोला - त्रिवेणी सडक यो प्रदेशकै लाइफलाइन हो । माथिल्लो खण्डमा धमाधम काम भइरहे पनि नवलपुर खण्डमा कुन मार्गबाट जोड्ने भन्ने अन्योल थियो । माननीय कृष्णचन्द्र नेपाली पोखरेल नेतृत्वको सरकारले डेढगाउँ झ्यालवास खण्डबाट पूर्व पश्चिम राजमार्गमा जोड्ने निर्णय गरेर योजना कार्यान्वयनमा समेत गइसकेको छ ।

प्रदेशलाई समृद्ध बनाउँदै संघीयता सुदृढ गर्नका लागि यो सरकार स्थापनाकालदेखि नै प्रयत्नरत रह्यो । नागरिकका चाहान र विकासका अपेक्षा संकलनका लागि माननीय मुख्यमन्त्रीसहित मन्त्रीहरु नियमितरुपमा स्थलगत भ्रमणमा निस्कनुभयो । जसबाट नागरिकले भोग्नुपरेका समस्यामात्र नभएर शासन व्यवस्थाप्रति उहाँहरुको धारणा समेत बुझ्ने अवसर मिल्यो । वास्तवममा नजिकको सरकारको अनुभूति नागरिकहरुलाई दिने

प्रयास यस अवधिमा भएको छ ।

गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि समीक्षा यही सरकारका पालामा भएको छ । नेपालको संविधानले निर्देश गरेका विकास, आर्थिक समृद्धि तथा सामाजिक रुपान्तरणसम्बन्धी अभिभारा कार्यान्वयन गर्दै नेपाललाई विसं २०७९ सम्ममा अल्पविकसित राष्ट्रहरुको समूहबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने, विसं २०८७ सम्ममा दिगो विकासका लक्ष्यहरुको प्राप्तिसँगै मध्यम आय भएको मुलुकको स्तरमा पुऱ्याउने र विसं २१०० सम्ममा विकसित राष्ट्र बनाउने राष्ट्रिय लक्ष्यसँग तादात्म्यता मिल्ने गरी गण्डकी प्रदेश सरकारले आफ्नो सोच प्रस्ताव गरेको छ । यस प्रदेशले पहिलो आवधिक योजना अवधिमा औसत १०.२ प्रतिशतको आर्थिक वृद्धि प्राप्तिको परिकल्पना गर्दै प्रदेशलाई समृद्ध र नागरिकलाई सुखी बनाउने प्रतिवद्धता व्यक्त गरेको छ । यस अनुसार आर्थिक बृद्धिको लक्ष्य भेट्न कठिन देखिएको छ । हालसम्मको प्रगति र भावी सम्भावनालाई हेर्दा ५.६ प्रतिशतको मात्र वृद्धि हासिल हुने देखिएको छ । यति हुँदा पनि देशको कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान ८.३ प्रतिशत कायम राख्ने लक्ष्य भने हासिल हुने देखिन्छ ।

प्रदेशको प्रतिव्यक्ति आय योजनाको अन्तसम्ममा १९५६ अमेरिकी डलर पुऱ्याउने लक्ष्य रहेकोमा आर्थिक वर्ष २०७८।७९ सम्ममा १४३७ अमेरिकी डलर मात्र पुगेको छ । उत्पादन र रोजगारी लक्ष्यअनुसार वृद्धि हुन नसकेको परिप्रेक्षमा प्रतिव्यक्ति आय पनि लक्ष्य अनुसार बढ्ने अपेक्षा गर्न सकिँदैन ।

संविधानले दिएका अधिकार हस्तान्तरणमा संघीय सरकार उदार नहुनु, सिमित स्रोतसाधन, कमजोर शासकीय क्षमता र कानुनी उल्झनबीच कोरोना महामारी लक्ष्य प्राप्तिमा चुनौती बनेर उभिएको यथार्थ हामीबीच छ । निर्वाचन पश्चात् गठन भएको सरकारले व्यक्त गरेका प्रतिवद्धता र हासिल गरेका उपलब्धिको वस्तुपरक समीक्षा गर्नु जनउत्तरदायी सरकारको जिम्मेवारी हो । यसैअनुरुप माननीय कृष्णचन्द्र नेपाली पोखरेलको नेतृत्वमा सरकार गठन भएपछि २०७८ असार २७ मा गण्डकी प्रदेशको वर्तमान आर्थिक स्थिति सम्बन्धमा श्वेतपत्र जारी गरिएको थियो । मुलुकको संवैधानिक तथा राजनीतिक व्यवस्थाअनुरुप प्रदेश सरकार परिवर्तन भएको अवस्थामा प्रदेशको वास्तविक चित्र सबैका बीचमा ल्याउँदा पारदर्शिता कायम हुने र लोकतान्त्रिक प्रणालीको सुदृढीकरणमा समेत थप योगदान पुग्ने विश्वासका साथ श्वेतपत्र जारी गरिएको हो । विगतमा भएका असल प्रयासहरुलाई निरन्तरता दिँदै जनभावना बमोजिम थप प्रभावकारी ढंगबाट यो सरकार सञ्चालन भएको छ । नयाँ सरकार गठन भएपछि हालसम्म प्राप्त उपलब्धि र वर्तमान अवस्थाको जानकारी सरोकारवाला सबैमा होस भन्ने उद्देश्यले यो सामग्री प्रकाशन गरिएको छ ।

# उपलब्धिहरु

## समग्र अर्थतन्त्रमा भएको सुधार

- आर्थिक वर्ष २०७६।७७ मा प्रदेशको आर्थिक बृद्धिदर ०.७१ प्रतिशत रहेकोमा २०७७।७८ मा बृद्धि भई ३.७३ पुगेको र आर्थिक वर्ष २०७८।७९ मा यो आर्थिक बृद्धि दर ६.१७ प्रतिशत पुगेको छ । यसरी कोभिड महामारीले खुम्च्याएर थला पारेको अर्थतन्त्रलाई प्रदेश सरकारको सुझबुझपूर्ण प्रयत्नबाट सही बाटोतर्फ ल्याई चालु आर्थिक वर्षमा यसलाई ८ प्रतिशत पुर्‍याउने पर्याप्त आधार तयार पारिएको छ । वर्तमान सरकारले प्रदेशको आर्थिक बृद्धिदर उच्च बनाउनका लागि विशेष प्रयत्न गरेता पनि प्रथम आवधिक योजनामा उल्लेख भए बमोजिमको १०.१२ प्रतिशतको आर्थिक बृद्धि दर हासिल गर्न थप प्रयत्न गर्नु पर्ने अवस्था छ ।
- प्रदेशको कुल ग्रार्हस्थ उत्पादन आर्थिक वर्ष २०७६।७७ मा ३ खर्ब ४९ अर्ब ५४ करोड रहेकोमा आर्थिक वर्ष २०७७।७८ मा ३ खर्ब ८० अर्ब ४५ करोड पुगेको र आर्थिक वर्ष २०७८।७९ मा ग्रार्हस्थ उत्पादन बृद्धि भई ४ खर्ब ३१ अर्ब ८० करोड पुगेको छ । यो सरकारले नेतृत्व गरेपछि प्रदेशको अर्थतन्त्रको आकार करिब २३ प्रतिशतले बृद्धि भएको छ ।
- आर्थिक वर्ष २०७८।७९ मा नेपालको कुल ग्रार्हस्थ उत्पादन ४८ खर्ब ५१ अर्ब ६२ करोड रुपैयाँ रहेकामा यस प्रदेशले देशको कुल ग्रार्हस्थ उत्पादनमा ८.९ प्रतिशत हिस्सा ओगटेको छ ।
- प्रदेशको कुल ग्राहस्थ उत्पादनमा क्षेत्रगत योगदानको अवस्था हेर्दा आर्थिक वर्ष २०७६।७७ मा प्राथमिक (कृषि) क्षेत्रको योगदान २८.१ प्रतिशत द्वितीय (उत्पादन) क्षेत्रको योगदान १७.३ र तृतीय (सेवा) क्षेत्रको योगदान ५४.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७।७८ मा यस्तो योगदान क्रमश २७.८, १६.९ र ५५.४ रहेको थियो भने आर्थिक वर्ष २०७८।७९ मा प्राथिमक क्षेत्रको योगदान २६.८ प्रतिशत द्वितीय क्षेत्रको योगदान १७.६ र तृतीय क्षेत्रको योगदान ५५.६ प्रतिशत पुगेको छ । यसरी प्रदेशको अर्थतन्त्रमा प्राथमिक क्षेत्रको योगदान घट्दै गएको र द्वितीय र तृतीय क्षेत्रको योगदान बढ्दै गई प्रदेशले तय गरेको लक्ष्य हासिल हुने अवस्था छ । अर्थात् प्रदेशको अर्थतन्त्रमा संरचनागत रुपान्तरण हुँदै गएको छ ।
- आर्थिक वर्ष २०७७।७८ मा प्रतिव्यक्ति आय ११९२ अमेरिकी डलर रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा वृद्धि भई १४३७ अमेरिकी डलर पुगेको छ । यस अवधिमा प्रतिव्यक्ति आयमा करिब २१ प्रतिशत बृद्धि भएको छ ।
- प्रदेशमा श्रम सहभागिता दर आर्थिक वर्ष २०७७।७८ मा ३५.७ प्रतिशत रहेकामा

यो बृद्धि भएर आर्थिक वर्ष २०७८।७९ मा ४० प्रतिशत पुगेको छ । आर्थिकरुपले सक्रिय रहन सक्ने जनशक्तिको आर्थिक क्रियाकलाप तर्फको संलग्नता बढाउँदै लगिएको छ । प्रदेशमा रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा आर्थिक वर्ष २०७७।७८ मा ३९.७ प्रतिशत रहेकामा आर्थिक वर्ष २०७८।७९ मा ४४ प्रतिशत पुगेको छ । प्रदेशको अनौपचारिक अर्थतन्त्र घटनु र क्रमशः औपचारिक अर्थतन्त्र विस्तार हुँदै जानुले अर्थतन्त्रमा सकारात्मक सुधार हुँदै गएको जनाउँदछ ।

- प्रदेशमा रोजगारी र जनसंख्याको अनुपातमा पनि क्रमशः सुधार हुँदै गएको छ । आर्थिक वर्ष २०७७।७८ मा ३३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा ३५.५ प्रतिशत पुगेको छ ।
- प्रदेशको बहुआयमिक गरिबीमा उल्लेख्य सुधार भएको छ । आर्थिक वर्ष २०७७।७८ मा १४.२ प्रतिशत बहुआयमिक गरिबी रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा बहुआयमिक गरिबी ९.६ प्रतिशतमा झरेको छ । प्रदेश सरकारले लिएको सन्तुलित र न्यायिक आर्थिक क्रियाकलापले बहुआयमिक गरिबीमा सुधार आएको छ । आम्दानीको आधारमा गणना हुने गरिबीमा पनि सुधार भएको छ । आर्थिक वर्ष २०७७।७८ मा ११.१ प्रतिशत गरिबी रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा यस्तो गरिबी १०.९ प्रतिशतमा झरेको छ ।
- मानव विकास सूचकांक आर्थिक वर्ष २०७७।७८ मा ०.५९ रहेकोमा २०७८।७८ मा ०.६० पुगेको छ । मानव विकास सूचकांकमा गण्डकी प्रदेशले उल्लेख्य फड्को मारेको छ । जनसंख्यामा सक्रिय उमेरको हिस्सा २ प्रतिशतले बृद्धि भई ५९ प्रतिशत पुगेको छ ।
- घर जग्गामा एकल स्वामित्व भएका महिला आर्थिक वर्ष २०७७।७८ मा १९.९ प्रतिशतबाट बृद्धि भई आर्थिक वर्ष २०७८।७९ मा २१ प्रतिशत पुगेको छ । यसले महिलाको सम्पत्तिमाथिको स्वामित्वमा राम्रो सुधार भएको देखाउँदछ ।
- आर्थिक वर्ष २०७७।७८ मा ३६ वटा स्थानीय तहले आवधिक योजना तर्जुमा गरेकामा २०७८।७९ मा थप १५ पालिकाले आवधिक योजना निर्माण सम्पन्न गरे भने थप १५ वटाको आवधिक योजना सम्पन्न हुने अवस्थामा पुगेको छ । आवधिक योजना तर्जुमामा आर्थिक तथा प्राविधिक सहयोग प्रदेश सरकारले उपलब्ध गराएको छ । त्यसै गरी मध्यमकालीन खर्च संरचना निर्माणमा स्थानीय तहलाई सहयोग गर्दै आएको छ । आर्थिक वर्ष २०७७।७८ सम्ममा जम्मा २ स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार पारेकोमा आर्थिक वर्ष २०७८।७९ मा १९ स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार पारेका छन् । चालु आर्थिक वर्षमा थप ४० वटा स्थानीय तहलाई मध्यमकालीन खर्च संरचना तयार

पार्न प्रदेश सरकारले मद्धत गरेको छ । प्रदेश सरकारको तर्फबाट मध्यमकालीन खर्च संरचना तयार पार्न जनप्रतिनिधि तथा कर्मचारीलाई निरन्तर तालिम प्रदान गर्दै आएको छ ।

- आर्थिक वर्ष २०७७।७८ सम्म अनलाइन प्रतिवेदन प्रणाली उपयोग गर्ने स्थानीय तहहरु २९ वटा थिए भने आर्थिक वर्ष २०७८।७९ मा सबै स्थानीय तहमा अनलाइन प्रतिवेदन प्रणाली प्रयोगमा आएको छ ।
- प्रदेश सरकारको बजेट खर्च क्षमतामा उल्लेख्य सुधार हुँदै आएको छ । आर्थिक वर्ष २०७६।७७ मा प्रदेश सरकारले कुल बजेटको ६३.५ प्रतिशत खर्च भएकोमा आर्थिक वर्ष २०७७।७८ मा ७३.५ प्रतिशत र आर्थिक वर्ष २०७८।७९ मा ७०.४ प्रतिशत खर्च पुगेको छ । गत आर्थिक वर्षमा चालु खर्चमा गरिएको कटौतीका कारण कुल खर्चमा कमी आएता पनि पुँजीगत खर्च तथा समग्र खर्च क्षमतामा सुधार भएको छ ।

## योजना तर्जुमा र कार्यान्वयन

- संघीयता कार्यान्वयनमा प्रदेश तथा स्थानीय तहको उपलब्धिको समीक्षात्मक अध्ययन प्रतिवेदन २०७९ तयार गरिएको छ ।
- प्रदेश आयोजना बैंक दिग्दर्शन २०७९ तर्जुमा सम्पन्न गरी प्रदेश मन्त्रिपरिषद्‌बाट स्वीकृत भई प्रकाशन गरिएको छ ।
- गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र (२०७९/२०८७) प्रकाशन गरिएको छ ।
- कालीगण्डकी नदी क्षेत्र विकासको निमित्त पूर्व सम्भाव्यता अध्ययन सम्बन्धी प्रतिवेदन तयार भई मन्त्रिपरिषदबाट निर्णय भए पश्चात् कार्यान्वयनका क्रममा रहेको छ ।
- गण्डकी प्रदेशको राजस्व सम्भावना तथा व्यवस्थापन अध्ययन प्रतिवेदन २०७९ तयार भई प्रकाशन गरिएको छ ।
- प्रदेशको वार्षिक बजेट साथसाथै मध्यमकालीन खर्च संरचना (MTEF) तयार गर्ने गरिएकोमा अहिल दिगो विकास लक्ष्य संवेदनशील मध्यमकालीन खर्च संरचना तयार पारिएको छ ।
- प्रदेश सरकारले गरेको खर्चले के कति दिगो विकास लक्ष्य हासिल गर्न मद्धत गर्‍यो त्यसको पहिचान गर्न बजेटको दिगो विकास लक्ष्य पछ्याई सम्बन्धी अध्ययन सम्पन्न भएको छ ।
- प्रदेश र स्थानीय तहको बजेट तर्जुमा गर्दा प्रत्येक क्रियाकलापको दिगो विकास लक्ष्यसँगको सम्बन्ध निर्धारण गर्न सहज बनाउने उद्देश्यले दिगो विकास लक्ष्यमैत्री बजेट सांकेतीकरण सम्पन्न गरी पुस्तक प्रकाशन गरिएको छ ।
- प्रदेशमा लगानीको सम्भावना र लगानी सुधारका लागि गर्नु पर्ने कार्यहरु पहिचान गर्न एक अध्ययन सम्पन्न भएको छ ।
- प्रदेशको तथ्यांकीय वस्तुस्थिति ब्रोसर २०७८ प्रकाशन गरिएको छ ।
- Digital Socio Economic Impact Assessment Of Covid- 19 in Gandaki Province सम्बन्धी अध्ययन सम्पन्न भएको छ ।
- प्रदेश तथा स्थानीय तहको लागत साझेदारीमा २६ स्थानीय तहको आवधिक विकास योजना निर्माण भइसकेको छ भने १९ वटा बन्ने क्रममा छन् ।
- प्रदेश विकास समस्या समाधान समितिको बैठक नियमित रुपमा सम्पन्न भएका छन् । यी बैठकबाट प्रदेश र स्थानीय तहका विकास कार्यक्रम सञ्चालनमा देखा परेका समस्याहरुको पहिचान र समाधानमा सहजीकरण गर्ने गरिएको छ ।

- प्रदेशको निर्यातयोग्य वस्तुहरुको पहिचान गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- राष्ट्रिय योजना आयोगसहित सातै प्रदेशका नीति तथा योजना आयोगको उपाध्यक्षहरुको भेला पोखरामा भएको छ । प्रदेश नीति तथा योजना आयोगहरुको कार्यसम्पादनमा एकरुपता होस् र राष्ट्रिय योजना आयोगसहित सातै प्रदेशका नीति तथा योजना आयोगलाई ऐन मातहत ल्याउनेमागसहित भेलाले पोखरा घोष( णापत्र जारी गरेको छ ।
- भौगोलिक सूचना प्रणाली (Geographic Information System) को माध्यमबाट प्रदेशका आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय तथा भौगोलिक तथ्यांक तयार गरिएको छ ।
- कोरोना भाइरस (Covid-19) र त्यसबाट व्यवसायमा परेका प्रभावको बारेमा संघसंस्थाका मागको अध्ययन गरी नीति, क्षेत्रगत कार्यक्रम र बजेट निर्माण एवं कार्यान्वयनमा पृष्टपोषण भएको छ ।
- प्रदेशको आप्रवासन प्रोफाइल तयार पारिएको छ । जसमा वैदिशक रोजगारी, त्यसको प्रतिफल वैदिशक रोजगारीबाट फर्केर आएकाहरुको आर्थिक सामाजिक अवस्था विश्लेषण गरिएको छ । साथै आन्तरिक बसाइँसराइँको प्रभाव विश्लेषण गरिएको छ ।

## शासकीय सुधारका क्षेत्रमा भएका कार्यहरु

- संघीयता कार्यान्वयनका सिलसिलामा देखा परेका समस्या र तिनको समाधानका लागि माननीय मुख्यमन्त्रीज्यूले राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा जोडदार आवाज राख्नुभएको छ । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासँगको भेटमा समेत उहाँले यसबारेमा बारम्बार कुरा राख्नुभएको छ ।
- विपद् प्रभावित क्षेत्रहरु जस्तै मनाङ, तनहुँ र कास्कीमा माननीय मुख्यमन्त्रीज्यू आफैँ पुगेर निरीक्षण गरी राहत वितरण गर्नुभएको छ ।
- माननीय मुख्यमन्त्रीज्यूसँग विभिन्न २५ देशका महामहिम राजदूतरविदेशी नियोगका निर्देशक/प्रतिनिधिको शिष्टाचार भेटघाटमा यस प्रदेशका सम्भावना एवं आपसी सहयोगका विषयमा छलफल भएको छ ।
- माननीय मुख्यमन्त्रीज्यूसहितको भ्रमण टोलीले मधेश प्रदेशको भ्रमण गरी अनुभव आदानप्रदान गरिएको, साथै मधेश प्रदेशका माननीय मुख्यमन्त्रीज्यूले गण्डकी प्रदेशको भ्रमण गर्नुभएको छ ।
- माननीय मुख्यमन्त्रीज्यूबाट प्रदेशका महत्वपूर्ण आयोजनाको स्थलगत निरीक्षण भ्रमण गरी महत्वपूर्ण पृष्ठपोषण गर्नुभएको छ ।
- डिजिटल नेपाल राष्ट्रिय लक्ष्य अनुसार डिजिटल गण्डकी प्रदेशको अवधारणा स्वीकृत गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै लगिएको (Data Digitization, PPIS, Online Monitoring system, web portal निर्माण आदि) ।
- हेलो मुख्यमन्त्री कार्यक्रमको छुट्टै वेब पोर्टल र मोबाइल एप सञ्चालन भएको ।
- सरकारले सम्पादन गरेका काम र ती काममा प्रदेशवासीको प्रतिक्रिया समेत समेटेर तयार पारिएको जनतासँग मुख्यमन्त्री कार्यक्रम उत्पादन र प्रशारण गरिएको छ । प्रदेश सरकारले गरेका काम कारवाहीका बारेमा नागरिकले थाहा पाउने माध्यम बनेको यो कार्यक्रममा नागरिकका गुनासा समेत सम्बोधन गरिएको थियो ।
- श्रीकृष्णागण्डकी नदी क्षेत्र विकासको पूर्व संभाव्यता अध्ययन प्रतिवेदन २०७८ प्राप्त भई प्रतिवेदनले सिफारिश गरेका परियोजनालाई साधन स्रोतको आधारमा क्रमशः लागु गर्दै जान प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेश गरिएको साथै सबै मन्त्रालयमा पत्राचार गरिएको ।
- विशिष्ट व्यक्ति सम्मान कार्यविधि, २०७८ स्वीकृत गरी सोही बमोजिम महाविर पुनलाई गण्डकी रत्न सम्मान प्रदान गरिएको । यसबाट निश्वार्थ भावले आविश्कारमा लाग्ने तथा समाजका विकासमा विशेष योगदान दिने ब्यक्तिलाई प्रोत्साहन मिल्ने छ ।
- नमूना कार्यालय छनौट कार्यविधि अनुसार ११ जिल्लाका १ सय १४ र प्रदेश

मन्त्रालय/आयोग र प्रतिष्ठान १० वटा गरी जम्मा १ सय २४ कार्यालयहरुको मूल्यांकन गरी १३ वटा कार्यालयहरुलाई पुरस्कृत गरिएको। यसबाट कर्मचारी तथा कार्यालयबीच सकारात्मक प्रतिस्पर्धा सिर्जना भई कार्यसम्पादनमा प्रभावकारिता आउने छ ।

- सवारी साधनको प्रयोगसम्बन्धी मापदण्ड प्रतिवेदन तयार गरिएको र मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा गएको छ ।
- व्यवसाय जीवन रक्षा कोष कार्यविधि संशोधन गरी सोही वमोजिम कर्जा प्रवाह गर्ने कार्यका लागि नेपाल राष्ट्र बैकसँग समन्वय गरिएको  र हालसम्म १ हजार ४ सय ३३ जना व्यवसायीलाई १ अर्ब ६२ करोड ९८ लाख रुपैयाँ कर्जा प्रवाह भएको ।
- सघन अनुगमन कार्यक्रम मार्फत् १० वटा जिल्लाका ३८ वटा आयोजना र कार्यक्रम, ८ वटा कार्यालय र १० वटा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको । विकास निर्माणमा रहेका कमीकमजोरी सच्याउन यसले मद्दत गरेको छ ।
- प्रदेश र स्थानीय तहको साझेदारीमा १० स्थानीय तहमा नवप्रवर्तन साझेदारी कोष कार्यक्रम सञ्चालन गरिएको छ । यसले स्थानीय तह र प्रदेशबीचको सहकार्य बढाउने तथा स्थानीय तहलाई नवीन कार्य आरम्भ गर्न प्रेरित गरेको छ ।
- विभिन्न ९ मन्त्रालयका संगठन तथा व्ययवस्थापन सर्वेक्षण स्वीकृत गरिएको छ ।
- २०७९ सालको स्थानीय तह निर्वाचन पश्चात् निर्वाचित जनप्रतिनिधिहरुमध्ये ६ सय ८० जना वडा अध्यक्षहरुलाई स्थानीय तहको संबैधानिक र कानुनी अधिकार, जिम्मेवारी तथा योजना निर्माण सम्बन्धी तालिम, २७ जना पालिकाका प्रमुख/अध्यक्षहरुलाई योजना तर्जुमा र अनुगमन सम्बन्धी अभिमुखीकरण, ५५ जना पालिकाका प्रमुख/अध्यक्ष एवं उपप्रमुख/उपाध्यक्षहरुलाई –मध्यमकालीन खर्च संरचना सम्बन्धी तालिम, १० जना जिल्ला समन्वय समिति प्रमुख/उपप्रमुखहरुलाई –स्थानीय तहको वित्तीय सुशासन मूल्यांकन तथा स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन सम्बन्धी तालिम र ५ जना वडा समितिका पदाधिकारीलाई १६ दिने अभियान अन्तर्गत सञ्चालित लैगिक हिंसा विरुद्धको कार्यक्रममा सहभागी गराई ७ सय ७७ जना जनप्रतिनिधिहरुको क्षमता विकासको कार्यक्रम सञ्चालन गरिएको ।
- प्रदेश निजामती सेवा (अध्यादेश), २०७९ र स्थानीय सेवा (गठन तथा संञ्चालन) (अध्यादेश), २०७९ जारी गरी प्रदेश र स्थानीय तहमा जनशक्ति व्ययवस्थापन कार्य सहज भएको ।
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट पहिलोपटक अधिकृत तहका कर्मचारीको

सेवाकालीन तालिम सञ्चालन गरिएको ।

- ११ जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख एवं जिल्ला समन्वय अधिकारीलगायतलाई LISA (Local Government Institutional Capacity Self(Assessment) र FRA (Financial Risk Assessment) सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको ।
- GESI (Gender Equality and Social Inclusion) सूचक निर्माण गरी GESI Audit सुरु गरिएको ।
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन तथा नियमावलीको निर्माण, संगठन संरचना निर्माण र आवश्यक जनशक्तिको प्रक्षेपण, कर्मचारी प्रशासन विनियम निर्माण, रणनैतिक योजना तर्जुमा, प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीतिको तर्जुमा भएको छ ।
- सहायकस्तरका कर्मचारीको सेवाकालीन तालिम पाठ्यक्रम निर्माण र तालिम सञ्चालनको सहमति, अधिकृतस्तर छैटौं, सातौं र आठौं तहका कर्मचारीको सेवाकालीन तालिम पाठ्यक्रम निर्माण र तालिम सञ्चालनको सहमति दिइएको छ । फलस्वरुप गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले प्रदेश र स्थानीय तहमा कार्यरत छैटौं, सातौं र आठौं तहका ५८ जना अधिकृतस्तरका कर्मचारीको सेवाकालीन तालिम प्रदान गरेको छ ।
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले Quality Management System (ISO) को प्रार्पित गरेको छ ।
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले १३ हजारभन्दा बढी कर्मचारी र जनप्रतिनिधिलाई क्षमता विकास तालिम प्रदान गरेको छ ।
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले संघ, प्रदेश र स्थानीय तहमा कार्यरत राप अनं प्रथम/द्विती श्रेणी एवं सहायकस्तर चौथो र पाँचौ तहका २ सय २८ जना कर्मचारीहरुका लागि ३० कार्यदिने सेवाकालीन तालिम प्रदान गरेको छ ।
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले स्थानीय तहमा कार्यरत १ हजार १ सय २१ जना कर्मचारीलाई सेवा प्रवेश तालिम प्रदान गरेको छ ।
- प्रदेशका सबै स्थानीय तहमा २०७९ के निर्वाचनबाट निर्वाचित प्रमुख एवं उपप्रमुख तथा अध्यक्ष एवं उपाध्यक्षको अभिमुखीकरण गरिएको छ ।
- गण्डकी प्रदेशका सबै स्थानीय तहमा २०७९ को निर्वाचनबाट निर्वाचित वडाध्यक्षहरुको तालिम सम्पन्न गरिएको छ ।
- गण्डकी प्रदेशका सबै स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकनमा सहयोग गरिएको छ ।

- ३३ वटा स्थानीय तहको आवधिक योजना तर्जुमा, ३३ वटा स्थानीय तहमा राजस्व सुधार कार्य योजना तर्जुमामा, २२ वटा स्थानीय तहमा क्षमता विकास योजना तर्जुमामा र ४३ वटा स्थानीय तहमा लैंगिक समानता र सामाजिक समावेशीकरण रणनीति तर्जुमामा सहयोग गरिएको छ ।
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको भवन निर्माण कार्य सम्पन्न हुने चरणमा पुगेको छ ।
- प्रदेश सभाको भवनको विस्तृत परियोजना प्रतिवेदन तयार भई निर्माण सुरु गर्ने चरणमा पुगेको छ ।
- प्रदेश विपद् व्यवस्थापन कोषबाट मनसुनजन्य घटनाबाट प्रभावित भएका निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापनाको लागि १० करोड ५१ लाख ३० हजार रुपैयाँ उपलब्ध गराइएको छ ।
- निर्माणाधीन इलाका प्रहरी कार्यालय र प्रहरी चौकीहरु, गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र र गण्डकी प्रदेश प्रहरी कार्यालयको भौतिक संरचना निर्माण कार्यलाई निरन्तरता दिइएको छ ।
- आव २०७८।७९ मा विपद् व्यवस्थापन सामग्री रहेको प्रदेश गोदाम घरको भौतिक पूर्वाधार स्तरोन्नति गरिएको ।
- आव २०७८।७९ को वार्षिक कार्यक्रमबाट विपद् उद्दार तथा सूचना संकलनमा उपयोग गर्ने गरी पश्चिम पृतना हेडक्वार्टर, गण्डकी प्रदेश प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपाल नम्बर ४ मुक्तिनाथ बाहिनीलाई एक/एक थान ड्रोन (DJI MAVIC 3) हस्तान्तरण गरिएको ।
- प्रदेशको अन्तर्राष्ट्रिय सीमानाका त्रिवेणी र कोरलामा सुरक्षा निकायका लागि भौतिक संरचना निर्माण गर्ने सम्बन्धी कार्यको लागि समन्वय भएको ।

## भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्थातर्फ

- सडकतर्फ १०८.४२ किमी सडक कालोपत्रे/ढलान र १२६ किमी सडक ग्राभेल कार्य सम्पन्न भएको छ ।
- सडक पुलतर्फ ३१ वटा सडक पुल सम्पन्न भएका छन् । जसमध्ये प्रदेश अन्तर्गत २५ वटा सडक पुल र स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार परियोजना (संघीय सशर्त अनुदान) तर्फ ६ वटा सडक पुलहरु सम्पन्न भएका छन् ।
- प्रदेश अन्तर्गतका २१ वटा झोलंगे पुलहरु सम्पन्न भएका छन् ।
- पूर्वाधारको क्षेत्रमा प्रदेश सरकारले हालसम्म ७ अर्ब भन्दा बढी लगानी गरिसकेका छ । झोलुंगे पुल, खानेपानी सेवा, विद्यालय सुधार तथा लघु जलविद्युतका लागि टिम गोर्खा लगायतका विभिन्न संघसंस्थासँग समन्वय भइरहेको छ ।
- प्रदेश सवारी साधन भाडा दर निर्धारण सिफारिस समिति गठन भई सो समितिले समयानुकूल भाडा दर निर्धारण गरेको छ ।
- परीक्षा उत्तीर्ण गरी सवारी चालक अनुमित पत्र प्राप्त गर्न नसकेका १ लाख भन्दा बढी सेवा ग्राहीलाई यातायात व्यवस्था विभागबाट लाइसन्स झिकाई वितरण गरिएको छ ।
- सवारी चालक अनुमति पत्र प्राप्त गर्नका लागि आवेदन दिने नयाँ आवेदनकर्ताले कम्तीमा ३ वर्ष कुर्नु पर्ने अवस्थामा सुधार गरी हाल नयाँ आवेदनकर्ताले आवेदन दिएको १५ दिनभित्रमा प्रयोगात्मक परीक्षामा संलग्न हुन पाउने अवस्था सिर्जना भएको छ ।
- प्रक्रिया पुगेको १० मिनेटमै अस्थायी सवारी चालक अनुमति पत्र उपलब्ध गराउने गरिएको छ । साथै यातायात कार्यालमा रहेका सवारी धनीका कागजातहरुलाई डिजिटाइज गर्ने काम करिब अन्तिम चरणमा पुगेको छ ।
- सेवाग्राहीको हितलाई ध्यानमा राखी अनलाइन पेमेन्ट सेवा सुरु गरिएको छ । एकै पटक सबै प्रकारका सेवाको भुक्तानी गर्न मिल्ने प्रणाली प्रयोगमा ल्याई सेवाग्राहीलाई सेवा लिन सहज बनाइएको छ ।
- ट्याक्सीमा भाडा निर्धारण गर्ने डिजिटल मिटर राखी सेवाग्राहीलाई बिल दिने र चालकले पहिचान खुल्ने एकै प्रकारका ड्रेस लगाउनु पर्ने व्यवस्था मिलाइएको छ । यसले भाडा अनुगमनमा सहजता आएको छ भने पर्यटक लगायत सबै यात्रुलाई यात्रागर्दा सुरक्षित महसुस गराएको छ ।

## शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास क्षेत्र व्यवस्थातर्फ

- गण्डकी प्रदेश प्राविधिक शिक्षा तथा व्यवासायिक तालिम प्रतिष्ठानको प्रशासनिक तालिम आवास तथा पुस्तकालय भवन निर्माणमा कोरिया सरकारले कोइका मार्फत सहयोग गर्ने प्रतिवद्धता जनाए बमोजिम निर्माण कार्य आरम्भ भएको छ ।
- प्रदेशलाई पूर्ण साक्षर घोषणा गरिएको । यसले प्रदेशलाई अब प्राविधक तथा गुणस्तरीय शिक्षातर्फ लाग्न मार्ग प्रशस्त गरेको छ ।
- विद्यालय सुधार र शिक्षाको गुणस्तर सुधारका लागि सबै विद्यालयलाई विशेष सहयोग उपलब्ध गराइएको । प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिएको छ ।
- प्रदेश श्रम तथा रोजगार नीति पारित भई कार्यान्वनमा आएको । श्रम ऐनको मस्यौदा तयार भएको छ ।
- प्रदेशस्तरीय वृत्ती परामर्श तथा रोजगार मेला सम्पन्न भएको छ ।
- शिक्षा विकास रणनीतिक योजना तयार भएको । यसले प्रदेशको समग्र शिक्षा प्रणालीको दीर्घकालीन सोच र कार्ययोजना प्रस्ताव गरेको छ ।
- समुदायको सक्रियतामा स्थापित सामुदायिक क्याम्पसलाई अनुदान दिने प्रणाली विकास गरी अनुदान दिने कार्य आरम्भ भएको छ । यसले सामुदायिक क्याम्पस सञ्चालनमा स्थानीय समुदायले उठाउँदै आएको भारमा केही सहजता आउने विश्वास गरिएको छ ।
- युवा साक्षरता दर आर्थिक वर्ष २०७७।७८ मा ९५ प्रतिशत रहेकोमा यस्तो दर आर्थिक वर्ष २०७८।७९ मा ९७ प्रतिशत पुगेको छ ।
- पाँच वर्ष मुनिका बालबालिकाको जन्म दर्ता आर्थिक वर्ष २०७७।७८ मा ६४.४४ रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा ६८ प्रतिशत पुगेको छ ।
- प्रदेश बाल परिषद् गठन गरिएको छ ।
- प्रादेशिक अपांगता नीति तर्जुमा गरी कार्यान्वयनमा लगिएको छ । अपांगता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिएको छ ।
- आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या आर्थिक वर्ष २०७७।७८ मा २३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा ३५ प्रतिशत पुगेको छ । प्रदेश सरकारले अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन आवश्यक व्यवस्था समेत मिलाएको छ ।
- आमा समूहको सशक्तीकरण तथा क्षमता विकास, सक्षम महिला समानान्तर पाइला

कार्यक्रम तथा राष्ट्रपति महिला सशक्तीकरण महिला कार्यक्रम सञ्चालन ।

- प्रदेशलाई सडक आश्रित सहयोगापेक्षी सडक मानवमुक्त गण्डकी प्रदेश घोषणा गरी तत्काल उद्धार र संरक्षणका कार्य भइरहेका छन् । अहिले प्रदेशमा कोही पनि नागरिक अलपत्र अवस्थामा रहनु पर्ने स्थिति छैन ।
- प्रदेशलाई दीर्घकालसम्म आवश्यक पर्ने जनशक्ति प्रक्षेपण गरी सो वमोजिमको जनशक्ति तयार पार्न आवश्यक प्रयास थालिएको छ । गण्डकी विश्वविद्यालयले आइटी, खेल व्यवस्थापन र फार्मेसीमा कक्षा सञ्चालन गरिसकेको छ । बिएएललबीका कक्षा पनि सुरु भएको छ । राष्ट्रिय आविश्कार केन्द्रको प्राविधिक सहयोगमा विश्वविद्यालय आफैले आविश्कार केन्द्र सञ्चालनमा ल्याएको छ ।
- आविश्कार तथा अनुसन्धानमा नव वैज्ञानिकहरुलाई संलग्न गराउँदै लैजाने उद्देश्यका साथ राष्ट्रिय आविश्कार केन्द्र र गण्डकी विश्वविद्यालयको संयोजनमा आविश्कार तथा अनुसन्धानको काम सुरुवात गरेको छ ।
- गण्डकी प्रदेश विज्ञान नथा प्रविधि प्रतिष्ठानमा अनुसन्धान प्रयोगशाला स्थापना भएको छ । युवाहरुलाई अनुसन्धानमा आकर्षण गरी नवप्रवर्तनमा यसले सघाउ पुऱ्याएको छ ।
- धार्मिक तथा सांस्कृतिक धरोहरको रूपमा रहेको त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम क्षेत्र विकास समिति गठन आदेश जारी गरी सो क्षेत्रको विकास र प्रवर्द्धनका लागि कार्य प्रारम्भ गरिएको छ ।
- गण्डकी प्रदेशको सांस्कृतिक वृत्तचित्र निर्माण गरिएको छ । यसले प्रदेशभरका सांस्कृतिक महत्वका धरोहरको महत्वका बारेमा प्रचारप्रसार गर्न सहयोग पुऱ्याएको छ ।

## स्वास्थ्य तथा जनसंख्या व्यवस्थातर्फ

- कोभिड १९ महामारीबाट प्रदेशबासीलाई बचाउनका लागि युद्ध व्यवस्थापन शैलीमा काम गरिएको । कोभिड विरुद्धको खोप अभियान प्रभावकारी बनाई सबैलाई पूर्ण खोप र इच्छुकलाई अतिरिक्त खोप लगाइएको । कोभिड कोष, अतिरिक्त जनशक्ति व्यवस्था, खोप संचय स्थल निर्माण र आधुनिक उपकरण व्यवस्था गरिएको ।
- कोभिड लगातयतका महामारीसँग जुध्न सक्ने गरी स्वास्थ्य सेवामा सुधार गर्ने रणनीति कार्यान्वयनमा रहेको ।
- गण्डकी प्रदेश स्वास्थ्य नीति, २०७८ स्वीकृत भई लागू भएको छ ।
- गण्डकीलाई पूर्ण खोपयुक्त प्रदेश घोषणा गरिएको छ । साथै, प्रदेश खोप कोष स्थापना गरी हालसम्म २ करोड ७० लाख जम्मा गरिएको छ ।
- गोरखा अस्पताल, लमजुङ अस्पताल र मध्यविन्दु जिल्ला अस्पतालमा डायलाइसिस सेवा सञ्चालनमा लयाइएको छ ।
- लमजुङ अस्पताल प्रदेश सरकार मातहात ल्याई सञ्चालनमा आएको छ । नौ जना विशेषज्ञ सहित ६९ दरबन्दी रहने गरी उक्त अस्पतालको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएको छ ।
- दुर्गम स्थानका ५६ जना जटिलतायुक्त गर्भवती तथा सुत्केरी महिलालाई Air Lifting गरी सुविधासम्पन्न अस्पतालमा लयाई उपचार गराइएको छ ।
- प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट नसर्ने रोगको परीक्षण विस्तार गरी Thyroid Function test, Vitamin D, Vitamin B12, Hormone Test, Testosterone लगायत १९ प्रकारका परीक्षण हुने व्यवस्था मिलाइएको छ ।
- प्रदेश प्रवेश गर्ने नाकाहरू तनहुँको आँबुखैरेनी र स्याङ्जाको रामदीमा प्रदेश स्वास्थ्य प्रवर्द्धन तथा निगरानी केन्द्रको स्थापना गरिएको छ ।
- एम्बुलेन्स सेवालाई व्यवस्थित गर्न प्रदेश अन्तर्गतका एम्बुलेन्सहरुमा पहिलो चरणमा GPS जडान गर्ने कार्य सम्पन्न भएको छ ।
- अस्पतालहरूमा सञ्चालित औजार/उपकरणको नियमित मर्मत सम्भारका लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा बायोमेडिकल व्यवस्थापन इकाईको स्थापना भई सञ्चालनमा आएको छ ।
- 'स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन तथा खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी मापदण्ड, २०७९' स्वीकृत भई कार्यान्वयनमा आएको छ ।
- अस्पतालको नियमित लगायत विशेष सेवा निरन्तरताका लागि आवश्यक १६३ अस्थायी दरबन्दी स्वीकृत गरी 'सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी

व्यवस्थापन कार्यविधि, २०७९' बमोजिम स्वास्थ्य प्राविधिक जनशक्ति करारमा भर्ना गरी सम्बन्धित निकायमा खटाइ सेवा प्रवाह हुँदै आएको छ ।

- कोभिड १९ कारण मृत्यु भएका व्यक्तिका परिवारलाई आर्थिक सहायता स्वरुप प्रति परिवार ५० हजार आर्थिक सहायता प्रदान गर्ने व्यवस्था मिलाइएको छ । कोभिडबाट अभिभावक गुमाएका विद्यालय तहमा अध्ययनरत बालबालिकालाई मासिक ५ हजार शैक्षिक बृत्ति उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।
- सहिद, बेपत्ताका परिवार, विभिन्न जनआन्दोलन घाइते, ख वर्गका अपांगता भएका व्यक्ति र नियमित डायलासिस सेवा लिने मृगौला बिरामीका ४ हजार ८ सय ४५ परिवारका सदस्यहरुको स्वास्थ्य बिमा गरिएको छ ।
- रगत तथा रगतजन्य सेवा नि:शुल्क गर्नका लागि स्वीकृत कार्यविधि बमोजिम १३,१५८ पिन्ट रगत तथा रगतजन्य सेवा नि:शुल्क उपलब्ध गराइसकिएको छ र यो कार्य निरन्तर छ ।
- स्तन क्यान्सर, पाठेघरको क्यान्सर, पाठेघरको मुखको क्यान्सर लगायतको निशुल्क उपचारका लागि मापदण्ड स्वीकृत गरी क्यान्सरको उपचारका लागि भरतपुर क्यान्सर अस्पतालसँग प्रति व्यक्ति ५० हजार प्रदान गर्ने गरी सम्झौता गरिएको छ । पोखरा वृद्धाश्रमसँग जेरियाटिक वार्ड सञ्चालन गर्न सम्झौता भई जेरियाटिक वार्ड सञ्चालन गरिएको छ ।
- ५ हजार ८ सय ३३ जना स्वास्थ्य स्वयंसेविकाहरुलाई स्वास्थ्य कार्यालयहरु मार्फत वार्षिक रु। ६ हजार प्रोत्साहन भत्ता उपलब्ध गराइएको छ ।
- आर्थिक वर्ष २०७७।७८ मा जन्म हुँदाको अपेक्षित आयु ७१ वर्ष रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा अपेक्षित आयु ७५ वर्ष पुगको छ । ५ वर्ष मुनिको बाल मृत्युदर प्रतिहजार जीवित जन्म आर्थिक वर्ष २०७७।७८ मा २७ रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा मृत्युदर घटेर २४ जना पुगेको छ । आर्थिक वर्ष २०७७।७८ मा शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा २३ रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा मृत्युदर घटेर २१ मात्र हरेको छ । त्यसै गरी नवजात शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा १५ जनाबाट १३ जनामा झरेको छ ।
- पाँच वर्ष मुनिका कम तौल भएका बालबालिका आर्थिक वर्ष २०७७।७८ मा १४.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा ११ प्रतिशतमा भरेको छ भने सोही अवधिमा पाँच वर्ष मुनिका दुब्लोपना भएका बालबालिका ५.८ बाट ४ प्रतिशत, पुड्कोपना २८.९ बाट २४ प्रतिशत, रक्त अल्पता ४० प्रतिशतबाट ३५ प्रतिशतमा झरेको छ ।
- प्रदेशमा कुपोषण प्रभावित जनसंख्या आर्थिक वर्ष २०७७।७८ मा ४० प्रतिशत

रहेकोमा यसमा कमी आई आर्थिक वर्ष २०७८।७९ मा ३५ प्रतिशतमा झरेको छ। आधारभूत खाद्य सुरक्षामा रहेको परिवार पनि सोही अवधिमा ५६ प्रतिशतबाट ६५ प्रतिशत पुगेको छ। उच्च खाद्य असुरक्षाको अवस्थामा रहेका परिवार ६ प्रतिशतबाट ५ प्रतिशतमा झरेको अवस्था छ। पोषण र खाद्य सुरक्षाको क्षेत्रमा प्रदेश सरकारले महत्वपूर्ण प्रयास अघि बढाएको छ। प्रदेश सरकारले कृषि मन्त्रीको संयोजकत्वमा पोषण तथा खाद्य सुरक्षा परिषद् गठन गरेको छ।

- संस्थागत सुत्केरी सेवाको उपभोग आर्थिक वर्ष २०७७।७८ मा ६८.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा ७५ प्रतिशत पुगेको छ। त्यस्तै दक्ष जन( शक्तिबाट सुत्केरी गराउने महिला आर्थिक वर्ष २०७७।७८ मा ६९.९ रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा ७५ प्रतिशत पुगेको छ। यसै गरी ३० मिनेटसम्मको दुरीमा स्वास्थ्य सेवामा पहुँच पुगेको परिवार आर्थिक वर्ष २०७७।७८ मा ६३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा ६८ प्रतिशत पुगेको छ। यसले स्वास्थ्य क्षेत्रमा उल्लेख्य सुधार हुँदै गएको देखाउँदछ।

## ऊर्जा, जलस्रोत तथा खानेपानीतर्फ

- आधारभूत खानेपानी सुविधा पुगेको परिवार आर्थिक वर्ष २०७७।७८ मा ९३.१० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा ९३.७४ प्रतिशत पुगेको र हाल यो ९५ प्रतिशत पुगेको छ ।
- उच्च तथा मध्यम स्तरको खानेपानी सुविधा पुगेको परिवार आर्थिक वर्ष २०७७।७८ मा १५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा १८ प्रतिशत पुगेको र हाल यो २० प्रतिशत पुगेको छ ।
- खानेपानीमा लिफ्टिङ प्रणालीका लागि लाग्ने विद्युत महसुल छुट सुविधा दिने प्रबन्ध मिलाइएको छ ।
- सतह, भूमिगत र लिफ्ट सिंचाइ योजनाहरुको निर्माण तथा कृषक कुलो स्तरोन्नति तथा मौजुदा सिंचाइ प्रणालीहरुको पुनर्स्थापना सुधारबाट आव २०७८/७९ मा १०४३ हेक्टर थप सिंचित क्षेत्र विस्तार भई ६६ हजार ६ सय २० हेक्टर जमिनमा भरपर्दो सिंचाइ सुविधा पुगेको छ ।
- स्याङ्जा जिल्लामा वर्षा पम्प जडान कार्यको लागि २ सेट पम्प खरिद गरिएको छ । नवीनतम प्रविधिमा आधारित बिना इन्धन पानी तान्ने (हाइ पम्प) सिंचाइ योजना गल्याङ नपा, लबरकोट, स्याङ्जामा जडान कार्य सम्पन्न भएको ।
- आव २०७८/७९ मा जम्मा २ सय २२ वटा योजना सम्पन्न भई १४.८० किमी. तटबन्ध निर्माण भएको र हाल सम्म ८४.५० किमी तटबन्ध निर्माण ।
- आव २०७८।७९ मा १ सय २२ वटा क्रमागत योजना सम्पन्न भई एक घर एक धारा खानेपानी उपलब्ध गराउने कार्यक्रमतर्फ हालसम्म १ लाख ७ हजार २ सय ९० घरधुरीमा निजी धारा जडान भई ५ लाख ४७ हजार १ सय ८० जनसंख्या लाभान्वित । हालसम्म आधारभूत खानेपानी पहुँच जनसंख्या ९३.७४ प्रतिशत ।
- प्रदेशका महत्वपूर्ण फाँटहरुमा बाह्रैमास गुणस्तरीय सिँचाइ सुविधा पुऱ्याउनका लागि जलाशययुक्त सिँचाइ, नदी जोड्ने प्रणाली तथा आकाशे पानी संकलनजस्ता उपायहरु प्रयोगमा ल्याउन प्रक्रिया अगाडि बढाइएको छ ।
- नवीकरणीय ऊर्जा मार्फत् ६.५० प्रतिशत  र राष्ट्रिय विद्युत प्रशारण लाइनमार्फत् ९३ प्रतिशत गरी गण्डकी प्रदेशका ९९.५० प्रतिशत घरधुरीमा विद्युतको पहुँच पुगेको छ । ५ लाख ७४ हजार ७ सय ९८ घरधुरीमा विद्युत सेवा पुगेको छ। २ हजार ८ सय ८४ घरधुरीमा विद्युत सेवा पुग्न बाँकी छ । चालु आर्थिक वर्षमै यी सबै घरमा बिजुली बाल्ने गरी सरकारले काम गरिरहेको छ ।
- जलविद्युत जडित क्षमता आर्थिक वर्ष २०७७।७८ मा ५ सय ६९ मेगावाट रहेकोमा

आर्थिक वर्ष २०७७/७८ मा ६८७ मेगावाट पुगेको छ भने चालु आर्थिक वर्षमा १०८४ मेगावाट पुग्ने अवस्था छ । निर्माणाधीन आयोजना समयमा सम्पन्न गर्नका लागि प्रदेश सरकारले गरेको सहजीकरणबाट समयमा नै आयोजना सम्पन्न हुने अपेक्षा गरिएको छ ।

- प्रतिव्यक्ति प्रतिवर्ष विद्युत उपभोग आर्थिक वर्ष २०७७/७८ मा २०७ किलोवाट रहेकोमा यो बृद्धि भै आर्थिक वर्ष २०७८/७९ मा २ सय १६ किलोवाट पुगेको छ । यसलाई बृद्धि गर्दै लैजानका लागि प्रदेश सरकारले प्रोत्साहनका नीति लिएको छ ।
- यसैगरी अनुदानमा आधारित विद्युतीय चुलो वितरण सम्बन्धी मापदण्ड, २०७८ मन्त्रालयबाट स्वीकृत गरी मापदण्ड बमोजिम गोरखा नगरपालिका १० का ५३ घरधुरीमा इन्डक्सन चुलो वितरण कार्य सम्पन्न भएको छ ।
- राष्ट्रिय प्रसारण लाइनमा तत्काल जोडिने सम्भावना नभएका मुस्ताङ, मनाङ, म्याग्दी र गोरखा जिल्लाका ७ स्थानीय तहका १ हजार २ सय ५ घरधुरीमा प्रदेश सरकारको ७५ प्रतिशत अनुदानमा घरेलु सौर्य ऊर्जा प्रविधि जडान गरी सोलार बत्ती बलिसकेको छ ।
- आव २०७८/७९ मा २१ जलविद्युत आयोजनाको मर्मत सम्भार गरी जम्मा ५ सय ३५ किलोवाट विद्युत नियमित गरिएको छ । हालसम्म ९० लघु जलविद्युत आयोजना मर्मत मार्फत् ३ हजार २ सय ९५ किलोवाट विद्युत नियमित भएको छ । जसबाट १५ हजार ४ सय ४० घरधुरी लाभान्वित भएका छन् ।
- पाँच वर्षभित्र प्रदेशभित्रका विद्युत वितरण लाइनमा रहेका करिब ७० हजार जीर्ण काठका विद्युतीय पोललाई प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा स्टिलपोलबाट प्रतिस्थापन गर्ने नीति अनुसार हालसम्म जम्मा ३० हजार ४ सय ८१ थान स्टिल ट्यूबुलर पोल खरिद गरी सम्बन्धित स्थानीय तहहरुलाई वितरण गरिसकिएको छ ।
- गण्डकी प्रदेश सिँचाइ ऐन, २०७८ लागु भएको छ ।
- गण्डकी प्रदेशको खानेपानी तथा सरसफाई ऐन, २०७८ लागु भएको छ ।
- सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०७८ प्रदेश सरकारबाट स्वीकृत गरी लागु भएको छ ।
- खानेपानी आयोजना सर्वेक्षण नर्म्स प्रदेश सरकारबाट स्वीकृत गरी लागु गरिएको छ ।

## कानुन  सञ्चार तथा प्रदेश सभा मामिलातर्फ

- पोखरा महानगरपालिका १८ जामुनबोटमा प्रदेश गौरवको आयोजनाको रुपमा रहेको सूचना प्रविधि पार्कको पर्खाल निर्माणका लागि सम्भाव्यता अध्ययन प्रतिवेदन स्वीकृत भई विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्य भइरहेको तथा सूचना प्रविधि पार्क निर्माणस्थलमा पर्खाल निर्माण कार्य भइरहेको छ ।
- आव २०७७/७८ मा ११९ तथा आव २०७९/८० मा १ सय ८१ गरी ३ सय वटा सञ्चार माध्यमहरुलाई लोक कल्याणकारी विज्ञापन प्रदान गरिएको छ ।
- गण्डकी प्रदेशका विभिन्न स्थानहरुमा पत्रकारको पेशागत क्षमता अभिबृद्धि सम्बन्धी १७ वटा कार्यक्रम सम्पन्न गरिएको छ ।
- पत्रकार महासंघका जिल्लास्थित भवन निर्माणका लागि नियमित रुपमा बजेटको व्यवस्था गरिँदै आएको तथा गोरखा, लमजुङ र नवलपुर जिल्लामा पत्रकार महासंघको भवन निर्माण कार्य भइरहेको छ ।

# यस अवधिमा जारी भएका ऐन तथा नियमावलीहरुः

**ऐनहरु**

१. विनियोजन ऐन, २०७८
२. आर्थिक ऐन, २०७८
३. गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८
४. प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७८
५. प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८
६. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८
७. गण्डकी प्रदेश सिँचाइ ऐन, २०७८
८. गण्डकी प्रदेश तथा स्थानीय तह (समन्वय तथा विवाद समाधान) ऐन, २०७८
९. विनियोजन ऐन, २०७९
१०. आर्थिक ऐन, २०७९
११. गण्डकी प्रदेश पर्यटन ऐन, २०७९
१२. गण्डकी प्रदेश सूचनाको हक प्रचलन ऐन, २०७९
१३. गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९

**अध्यादेशहरु**

१. गण्डकी प्रदेश निजामती सेवा अध्यादेश, २०७९
२. स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९

**नियमावलीहरु**

१. गण्डकी प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७८
२. गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान नियमावली, २०७९
३. सार्वजनिक खरिद सम्बन्धी प्रदेश (दोस्रो संशोधन) नियमावली, २०७९
४. गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०७९
५. प्रदेश वातावरण संरक्षण नियमावली, २०७९

## पर्यटनतर्फ

- पर्यटकीय पूर्वाधार विकासका लागि प्रदेशका ११ वटै जिल्लामा १/१ पर्यटकीय गन्तव्यहरुको DPR तयार गरी पाँच वटा पर्यटकीय गन्तव्यहरुमा पूर्वाधार निर्माणको कार्य सुरु गरिएको छ ।
- आव २०७८/०७९ देखि हालसम्मको अवधिमा ४६ वटा होमस्टे प्रवर्धनका लागि पूर्वाधार विकास कार्य अन्तर्गत सामुदायिक भवन, पदमार्ग, पार्क निर्माण कार्य सम्पन्न गरिएको छ ।
- प्रदेशका ११ वटै जिल्लाका विभिन्न पर्यटकीय गन्तव्यहरुमा पदमार्ग, पार्क तथा चौतारी निर्माण लगायतका २०६ वटा पूर्वाधार निर्माण कार्य सम्पन्न गरिएको छ ।
- गण्डकी प्रदेशको पर्यटन प्रबर्द्धनका लागि २०७८ असोज महिनामा मधेश प्रदेशका माननीय मुख्यमन्त्री तथा विभिन्न देशका कुटनीतिक नियोगका प्रमुखरप्रतिनिधि र अन्तर्राष्ट्रिय विकास साझेदार संघसंस्थाका प्रमुखहरुलाई पोखरा भ्रमणका लागि आमन्त्रण गरी विश्व पर्यटन दिवस २०२१ मनाइएको छ ।
- २०२२ सेप्टेम्बर २७ का दिन विभिन्न अन्तर्राष्ट्रिय हवाई सेवाका नेपालस्थित कन्ट्री डाइरेक्टर तथा विदेशी पत्रकारहरुलाई आमन्त्रण गरी विश्व पर्यटन दिवस, २०२२ मनाइएको । यसले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालन र व्यावसायीकरणमा सहजता ल्याउन मद्धत गरेको छ ।
- आव २०७८/०७९ देखि हालसम्मको अवधिमा पर्यटन क्षेत्रमा भएका प्रवर्द्धनात्मक क्रियाकलापका कारण विदेशी पर्यटकको संख्या उल्लेख्य रुपमा बृद्धि भएको छ । उल्लेखित अवधिमा १ लाख ७८ हजार ४४ जना विदेशी पर्यटकले गण्डकी प्रदेशमा भ्रमण गरेका छन् ।
- लोककल्याणकारी राज्यको मान्यता बमोजिम विपद्को समयमा श्रमजीवीलाई सरकारको सहयोग प्रदान गरिएको छ । कोभिड महामारीको कारण रोजगार गुमाएका पर्यटन व्यवसायसँग आवद्द ६ सय ७२ जना श्रमिकहरुलाई जनही १० हजार रुपैयाँका दरले राहत वितरण गरिएको छ ।
- पर्यटन व्यवसायसँग आवद्द संघसँसथाहरुसँगको सहकार्यमा अन्नपूर्ण आरोहण दिवस, पर्वतको लेसपार, बागलुङ्को भकुण्डे तथा कास्कीको हेम्जा र लेकसाइडमा आन्तरिक पर्यटन प्रवर्द्धन तथा प्रचार प्रसार सम्वन्धी कार्यक्रम सम्पन्न गरिएको छ ।
- पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण समयमा सम्पन्न गर्ने तथा यसबाट गण्डकी प्रदेशले अधिकतम लाभ लिनका लागि गर्नु पर्ने तयारी पूरा

गर्नेका लागि पर्यटन मन्त्रीको संयोजकत्वमा सबै सरोकारवाला रहने गरी उच्च स्तरीय समिति गठन गरेको र उक्त समितिले निरन्तर कार्य गर्दै आएको छ ।

- पोखरालाई अन्य प्रदेशहरुसँग जोड्न अन्तरप्रदेश हवाई सम्पर्क कायम गरिएको र एयरलाइन्सहरु सँग नियमित हवाई उडानका लागि पहल गरिएको छ ।

**उद्योग, वाणिज्य तथा आपूर्तिः**

- आव २०७८।०७९ को सुरुदेखि हालसम्म यस प्रदेशमा ९ हजार ५ सय ७१ वटा उद्योग तथा ९ हजार १ सय वटा व्यापारिक फर्म दर्ता गरिएको छ ।
- प्रादेशिक औद्योगिक क्षेत्र स्थापना तथा सञ्चालनार्थ पोखरा महानगरपालिका वडा नं ३३ र शुक्लागण्डकी नगरपालिका वडा नं ९ को पुँडीटारको जग्गा प्राप्तिको प्रकृयामा अन्तिम चरणमा पुगको छ । नवलपुरको लोकाहा खोलामा जग्गा प्राप्तिका लागि नापी र सर्भेको काम सम्पन्न गरिएको छ ।
- प्रदेशभित्रको आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उपभोग्य बस्तु तथा सेवाको मूल्य, गुणस्तर कायम गर्न तथा कालोबजारी, एकाधिकार, सिण्डिकेट र कार्टेलिङ अन्त्य गर्न १ सय ६९ पटक बजार अनुगमन गरी गुणस्तर र मूल्यको नियमन गरिएको छ । नियम विपरीत कार्य गरेका १० वटा फर्म तथा व्यवसायीलाई नियमानुसार जरिवानासहित कारवाही गरी ६ लाख रुपैयाँ राजश्व संकलन गरिएको छ ।
- एक स्थानीय तह एक उद्योग ग्रामको नीति अनुरुप यस प्रदेशमा २५ वटा स्थानीय तहमा नेपाल सरकारले उद्योग ग्राम घोषणा गरेको छ । तीनै तहका सरकारको लागत साझेदारी अनुसार १० वटा उद्योगग्राममा पूर्वाधार निर्माणका लागि बजेट व्यवस्था गरिएको छ ।
- गण्डकी प्रदेशमा लगानीको वातावरण सिर्जना गरी औद्योगिक लगानीमा अभिबृद्धि गर्ने प्रयोजनार्थ प्रदेशस्तरीय उद्यमी लगानीकर्ता सम्मेलन सम्पन्न गरिएको छ ।
- डिजिटल गण्डकीको नीति अनुरुप ३० हजार ७ सय ७० उद्योग तथा वाणिज्य फर्महरुको विद्युतीय अभिलेखन (Digitization) सम्पन्न गरी उद्योग तथा वाणिज्य प्रशासन सम्वन्धी सेवा प्रवाहको काम विद्युतीय माध्यमबाट सुरु गरिएको छ ।
- गण्डकी प्रदेशमा आपूर्ति व्यवस्थालाई व्यवस्थित बनाउन पोखरा महानगरपालिका वडा नम्बर ३२, मजुवामा सुख्खा बन्दरगाह निर्माणका लागि पूर्व सम्भाव्यता अध्ययन गरी नेपाल सरकार समक्ष सिफारिस गरिएको छ ।

## भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारणतर्फ

- मुस्ताङ, बाग्लुङ, तनहुँ र गोरखा जिल्लाका सात स्थानमा जग्गा चक्लाबन्दी गर्ने कार्यक्रमबाट १ हजार ३४ रोपनी जमिन चक्लाबन्दी गरिएको छ ।
- कास्की जिल्लाको स्थानीय तहहरु, नापी कार्यालय र मालपोत कार्यालयको समन्वयमा कित्तानापी नक्सामा सार्वजनिक बाटो अद्यावधिक गर्ने र कन्ट्रोल पोइन्ट स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन गरी १ सय वटा कन्ट्रोल पोइन्ट स्थापना गरिएको, कित्तानापी नक्सामा सार्वजनिक बाटो अद्यावधिक गर्नका लागि २ सय  किमी बाटोको फिल्ड सर्भे सम्पन्न गरी १६ किमि बाटोको लगत तयार गरी लगत कट्टीका लागि आवश्यक प्रकृया अगाडि बढाइएको छ ।
- गोरखा, मनाङ, मुस्ताङ, म्याग्दी, बागलुङ र लमजुङ गरी ६ जिल्लाका ६१ व्यावसायिक कृषकहरुलाई अनुदानमा ६८ हजार १ सय १० वटा विरुवा वितरण गरी ४ सय ५५ रोपनी क्षेत्रफलमा उच्च घनत्व प्रविधिमा आधारित स्याउ बगैँचा विस्तार गरिएको छ ।
- साना सिँचाइ पूर्वाधार विकास कार्यक्रममार्फत नयाँ कुलो निर्माण, पुरानो कुलो मर्मत, पाईप वितरण लगायतका क्रियाकलापहरुबाट ५ हजार ६ सय ५ जना कृषक परिवार लाभान्वित हुनेगरी १ सय १८ हेक्टर जमिनमा सिँचाई सुविधा पुऱ्याइएको छ ।
- विपन्न बस्तीमा मुख्यमन्त्री कार्यक्रममार्फत गरिब परिवारहरुको लागि आय र रोजगारमूलक कार्यक्रम सञ्चालन ।
- बाँझो जमिनमा खेती गर्न प्रोत्साहन गरी ९८.८ हेक्टर बाँझो जमिनलाई उपयोगमा ल्याइएको छ ।
- तरकारी उत्पादन क्षेत्र विस्तार गर्ने कृषकहरुलाई प्रोत्साहन गरी थप १ सय २८ हेक्टर क्षेत्रफलमा मौसमी तथा वेमौसमी तरकारी खेती विस्तार गरिएको जसबाट प्रत्यक्ष रुपमा ७ सय ५१ कृषक परिवार लाभान्वित भएका छन् ।
- ७ वटा कोल्ड रुम (१२२ मे टन कुल भण्डारण क्षमता), २ वटा दुग्ध चिस्यान केन्द्र, ४ वटा बीउ प्रशोधन केन्द्र र ५ वटा कृषि उपजको प्रशोधन केन्द्र निर्माणमा सहयोग गरिएको छ ।
- बिज वृद्धि कार्यक्रममार्फत् १७३ टन धान, १९७ टन मकै, ८ टन गहुँ, ७ टन काक्रो, १.२ टन रायोको बीउ, ०.३ टन तोरी, ०.५ टन सिमीको बीउ उत्पादन भएको । विशेष बाली प्रवर्द्धन कार्यक्रममार्फत २५ टन सूर्यमुखी, ३४ टन तोरी, २० मोटन कोदो, १० टन कागुनो, १२ टन सिमी, १.५ टन, उवा १.५ टन जौ उत्पादन

प्रवर्द्धन गरिएको जसबाट ७ सय ६४ जना कृषकहरु लाभान्वित भएका छन् ।

- पशुको पूर्ण खोप कार्यक्रम अन्तर्गत १५५ जना खोपकर्ता परिचालन गरी ११ जिल्लाका ३९ वटा स्थानीय तहमा १ लाख ४० हजार भन्दा धेरै कृषकहरुको घरधुरीमा पुगी पशुहरुलाई १२ लाख ९५ हजार ६ सय ५३ डोज खोप लगाइएको छ ।
- ५३ वटा सहकारी संस्थामार्फत दूध बिक्री गर्ने कृषकहरुलाई प्रति लिटर २.५० का दरले प्रोत्साहन अनुदान उपलब्ध गराइएको छ । जसबाट ८ हजार ४ सय ५० टन दूध उत्पादन गर्ने ६ हजार ४ सय ३८ जना कृषकहरु लाभान्वित भएका छन् । त्यसैगरी  १ हजार ८१ वटा उन्नत नश्लका पाडी बाच्छी हुर्काएबापत् प्रति पाडी/बाच्छी १० हजारका दरले प्रोत्साहन अनुदान उपलब्ध गराइएको छ ।
- भेटेरिनरी अस्पतालहरुबाट २ लाख ६७ हजार ८४ पटक उपचार सेवा प्रदान गरिएको, २२ हजार ९ सय ९१ वटा नमूनाको प्रयोगशालामा परीक्षण गरिएको । साथै विज्ञ केन्द्रहरुबाट ५ हजार ७ सय ५२ पटक र निजी तथा स्थानीय तहहरुबाट ७५ हजार ७ सय ३९ पटक गरी कुल ८१ हजार ४ सय ९१ पटक कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइएको छ ।
- प्रदेशमा कृषि तथा पशु बिमामा आवद्ध परिवार आर्थिक वर्ष २०७७।७८ मा ७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा १२ प्रतिशत पुगेको छ । यसले पशुपालन व्यवसायमा लागेका कृषकलाई थप राहत मिलेको छ ।

**युवा तथा खेलकुद**

- गत आवमा ९६ र चालु आवमा ६६ जना प्रदेश विकास स्वयंसेवकहरु परिचालन गरी विभिन्न कार्यक्रममा सहयोग पुगेको छ । यसले स्थानीय तहमा रहेको जन( शक्ति अभाव सम्वोधन गर्न मद्धत गरेको छ ।
- विभिन्न खेल प्रतियोगिताहरु सञ्चालन तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भएका खेलाडीका लागि सहयोग गरिएको छ ।
- एसियन सिनियर सेन्ट्रल जोन महिला भलिबल प्रतियोगिताहरुमा विजेता खेलाडीहरुलाई सम्मान तथा पुरस्कृत गरिएको छ ।
- लागु औषध दुव्यर्सनीमा लागेका युवाहरुको लागि प्रशिक्षण तथा परामर्श प्रदान गरिएको छ ।
- आव २०७८।७९ मा विभिन्न खेलमैदान निर्माण तथा स्तरोन्नति कार्यक्रम अनुसार २ सय २६ मध्ये २ सय १९ वटा खेलमैदानहरुको निर्माण तथा स्तरोन्नति गरिएको छ ।

- विभिन्न युवाक्लब, खेलकुद सम्बन्धी संघसंस्था तथा विद्यालयहरुलाई खेलसामग्री वितरण गरिएको छ ।
- विभिन्न खेलकुद संघहरुको संस्थागत संरचनामा सुधार गरिएको छ ।
- अपांगता भएका तथा परम्परागत पेसा व्यवसायमा लागेका युवाहरुलाई पेशागत कार्यको लागि सहयोग गरिएको छ ।
- सिर्जनशील युवा खेलाडी, उद्यमी व्यक्तिहरुलाई प्रोत्साहन र पुरस्कार प्रदान गरिएको छ ।
- नवौं राष्ट्रिय खेलकुद तयारीको लागि खेलमैदानको स्तरोन्नती र तयारी, खेलकुद तथा सामग्री खरिद गरी वितरण गरिएको छ ।
- नवौं राष्ट्रिय खेलकुद सम्पन्न गरिएको छ । यस प्रतियोगितामा प्रदेशले ३२ वटा स्वर्ण ३१ वटा रजत र ५७ वटा कास्य गरी जम्मा १ सय २० पदकसहित प्रदेशमध्ये प्रथम स्थान प्राप्त गर्न सफल भएको छ ।

**वन, वातावरण तथा भूसंरक्षण**

- ७ लाख ९० हजार ९ सय ३२ क्यूफिट काठ र ४ हजार ४ सय ६८ चट्टा दाउरा बजारमा बिक्रीवितरणका लागि पठाइएको छ ।
- यही उत्पादन भएको २ लाख १० हजार ९ सय ३७ क्युफिट काठ र ४ हजार ३ सय ५२ चट्टा दाउरा आन्तरिक खपत भएको छ जसले आयात घटाउन मद्धत गरेको छ ।
- १ सय १८ वटा फर्निचर समिल र जडिबुटी लगायतका वनजन्य उद्यम स्थापना भएका छन् ।
- ३७ करोड ८७ लाख ३२ हजार ३ सय ९२ रुपैयाँ समूहलाई वन पैदावार बिक्री वितरणबाट प्राप्त भएको छ ।
- यस अवधिमा २७ करोड ५९ लाख ३७ हजार ३ सय ६८ रुपैंया राजस्व संकलन भएको छ ।
- वन पैदावार संकलनबाट २० लाख र कार्यक्रम कार्यान्वयनबाट २ लाख गरी कुल २२ लाख श्रमदिन भन्दा बढी रोजगारी सिर्जना भएको छ ।
- १ सय ६० वटा  गल्छी पहिरोको उपचार सम्पन्न, ०.९८ किमी खोला किनार संरक्षण, ३ वटा बस्ती संरक्षण, ८ हजार ७ सय ८ मिटर पदमार्ग निर्माण भएको छ ।

- २९ वटा पूर्वाधारको संरक्षण, २ वटा पानी मुहान संरक्षण, १० वटा सिँचाइ कुलोको ६ किमी भन्दा लामो सिँचाइ कुलो मर्मत सम्भार गरिएको छ ।
- १०.२५ हेक्टर वन अतिक्रमण नियन्त्रण गरिएको छ ।
- ५ लाख जडिबुटी तथा १ लाख ३० हजार फलफूल समेत गरी १४ लाखभन्दा बढी विरुवा उत्पादन र वितरण गरिएको छ ।
- ४ सय ९ हेक्टर भन्दा बढी जमिनमा वृक्षरोपण, ३७ वटा हरित उद्यान निर्माण भएको छ ।
- १८ वटा वरपीपल चौतारी निर्माण र १० वटाको मर्मतसम्भार गरिएको छ ।
- निजी जग्गामा कृषि वनजन्य फलफूलका १ लाख ५० हजार विरुवा वितरण भएको छ ।
- ४ सय ५५ सामुदायिक वन र ६५ वटा कबुलियती वन गरी ५ सय २० वटा समूहका कार्ययोजना नवीकरण गरिएको छ ।
- १४ वटा सामुदायिक वन र १० वटा कबुलियती वन समूह गठन गरी १,६६१ हेक्टर वन समूहमा हस्तान्तरण गरिएको छ ।
- ७१ वटा संरक्षण पोखरी र  १० वटा सिमसार क्षेत्र व्यवस्थापन गरिएको छ ।
- पञ्चासेको डिजिटल नक्सा तयारी, १० वटा स्नरक्षण पोखरी निर्माण, ७ वटा विश्रामस्थल, १ वटा पानी मुहान संरक्षण, ४ वटा वन स्थलगत अभ्यास, होर्डिङबोर्ड निर्माण गरिएको छ ।
- ५ वटा EIA, ३ वटा  IEE र २ वटा कार्यसूची तथा क्षेत्र निर्धारण स्वीकृत (संघीय वन तथा वातावरण मन्त्रालयबाट) गरिएको छ ।
- प्रदेश वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय वाट १ वटा ९क्ष्ब स्वीकृत गरिएको छ ।
- धौलागिरी संरक्षण क्षेत्र स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिएको छ ।
- वन अपराधको नियन्त्रण अन्तर्गत ६१ वटा मुद्दा दर्ता भएका । जसमा  काठ दाउरा सम्बन्धी ४२ वटा, वन्यजन्तु सम्बन्धी १० वटा, जडिबुटी सम्वन्धी ४ वटा मुद्दा दर्ता भएका छन् ।
- प्रदेश वातावरण संरक्षण नियमावली, २०७९ कार्यान्वनयमा आएको छ ।
- मन्त्रालय अन्तर्गतका कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षणको मस्यौदा तयार भएको छ ।

## मुख्य न्यायाधिवक्ताको कार्यालय

- प्रदेश सरकारविरूद्ध हालसम्म १ सय १७ मुद्दा परेको र सो मध्ये ४२ फछयौट भएका ७५ बटा विभिन्न अदालतमा विचारधीन छन् ।
- मुख्य न्यायाधिवक्ताको संयोजकत्वमा रहेको कानुन निर्माण सहजीकरण उपसमितिको पटक पटक बसेको बैठकबाट मस्यौदा उपर विषय विशेषज्ञ समेतलाई सहभागी गराई मस्यौदालाई अन्तिम रुप दिई पठाइएको छ ।
- स्थानीय तहमा कानून तर्जुमा सहजीकरण समितिको सिफारिसमा स्थानीय तहबाटै विवाद समाधान गर्न सहज होस भन्ने हेतुले NDI NEPAL को सहयोग र विभिन्न विज्ञहरुको सहकार्यमा न्यायिक समितिले निरुपण गर्ने मुद्दाको कारवाही सम्वन्धी हाते पुस्तक प्रकाशित गरिएको छ ।
- स्थानीय तहका न्यायिक समितिको क्षमता अभिवृद्धिका लागि विभिन्न तरणमा तालिमहरु सञ्चालन गरिएको। यसबाट स्थानीय तहका नवनिर्वाचित पदाधिकारीहरु लाभान्वित भई न्याय सम्पादनमा सहजता आएको छ ।
- सरकारवादी मुद्दालाई प्रभावकारी बनाउनका लागि प्रदेशमा कार्यरत कानुन अधिकृतलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको छ ।
- लिखित जवाफ र राय माग गर्ने प्रकियामा एकरुपता ल्ययाउन गण्डकी प्रदेश सरकार अन्तर्गतका बिभिन्न मन्त्रालयमा कार्यरत कानुन अधिकृतहरुको दक्षता अभिबृद्दि सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

## प्रदेश लोकसेवा आयोग

- परीक्षार्थीहरुका लागि परीक्षा सम्वन्धी सूचना, पाठ्यक्रम, ऐन, नियमावली, निर्देशिका, परीक्षाको समयमा परीक्षाको समय तालिका, परीक्षा केन्द्र, उम्मेदवारको स्वीकृत नामावली, परीक्षाको नतिजा, अन्तर्वार्ता तथा सिफारिससम्मको सवै सूचनाहरु सम्प्रेषण गर्न वेबसाइटको निर्माण र अनलाइनबाट दरखास्त दिने व्यवस्था मिलाइएको छ ।
- आयोगले प्रदेश सरकार अन्तर्गतका कार्यालय र स्थानीय तहरुमा माग संकलन गरी प्रदेश तथा स्थानीय तहमा कुल १ सय ७० विज्ञापनमा खुला तथा समावेशीतर्फ १ हजार ४ सय ५३ जनाको पदपूर्तिका लागि विज्ञापन प्रकाशन गरेको ।
- प्रकाशित विज्ञापनमा महिलातर्फ ८१ हजार नौ सय आठ र पुरुषतर्फ ९९ हजार तीन सय १४ गरी एक लाख ८१ हजार दुई सय २२ जना उम्मेदवारले विभिन्न समावेशी समूहमा समेत गरी जम्मा दुई लाख ८५ हजार तीन सय ९८ दरखास्त प्राप्त भएको ।
- आयोगले  प्राविधिक र अप्राविधिक तर्फका चौथो तहदेखि नवौं तहसम्म ८३ प्रकारका पदहरुको पाठ्यक्रम निर्माण गरेको छ । लिखित परीक्षाबाट अन्तरवार्ताका लागि छनौट भएका उम्मेदवारहरुको सामूहिक परीक्षण कम्प्युटर सिप परीक्षण र प्रयोगात्मक परीक्षा सञ्चालन गरिएको छ ।
- लिखित परीक्षा सञ्चालनका लागि एकै दिनमा ९३ केन्द्रसम्म कायम गरी एकै समयमा करिब २० हजार परीक्षार्थीको लिखित परीक्षा सञ्चालन गरिएको छ। लोक सेवा आयोग एवं प्रदेश लोक सेवा आयोगको परीक्षा भवन, विभिन्न विद्यालय र क्याम्पस गरी जम्मा १ हजार १८ परीक्षा केन्द्रमा परीक्षा सञ्चालन गरिएको थियो । जसमा १ लाख ३२ हजार सात सय २४ जना उम्मेदवार परीक्षामा सम्मिलित भएका थिए ।
- ८७ जना दक्ष वा विशेषज्ञद्वारा विभिन्न तहका १६ हजार पाँच सय ६८ विषयगत उत्तरपुस्तिका परीक्षण, नौ हजार सात सय ६५ वस्तुगत उत्तरपुस्तिका परीक्षण र OMR  प्रविधिबाट एक लाख १० हजार चार सय ५० उत्तरपुस्तिका परीक्षण गरिएको थियो । विषयगत उत्तरपुस्तिका आयोगको कार्यालयमा महाशाखा प्रमुख तथा शाखा प्रमुखको सुपरिवेक्षणमा परीक्षण गराउने व्यवस्था मिलाइएको छ ।

- आयोगले आर्थिक वर्ष २०७८/०७९ मा प्रदेश सरकार र स्थानीय तहहरुबाट माग भएका पदमध्ये खुला तथा समावेशी तर्फबाट पदपूर्ति हुने १ हजार ४ सय ६ पद मध्ये ५ सय ९२ महिला र ७ सय ८४ जना पुरुष गरी १ हजार ३ सय ७६ जना उम्मेदवार सिफारिस गरी पठाइएको छ ।
- आयोगको कार्यालय व्यवस्थित तुल्याई आवश्यक पूर्वाधार थप गर्न कार्यालय भवनको तलामा चार कोठा थप गरिएको, सूचना प्रविधिका सामग्री अन्तर्गत विभिन्न उपकरणहरु खरिद गरी आफ्नै भवनमा कम्प्युटर सिप परीक्षण तथा प्रयोगात्मक परीक्षा कार्यक्रम सञ्चालन गरिएको छ । कर्मचारीलाई सूचना प्रविधिमैत्री कार्य सम्पादन गर्ने संरचना तयार गरी कार्यान्वयनमा ल्याइएको छ । कर्मचारीको डेस्क व्यवस्थापन, उत्तरपुस्तिका परीक्षण हल, प्रश्नपत्र छपाई तथा परिमार्जन र अन्तर्वार्तामा समावेश हुने उम्मेदवारको पूर्व तयारीका लागि फर्निचर सहितको कोठा व्यवस्थापन गरिएको छ ।

## महत्वपूर्ण भेटघाटको संक्षिप्त विवरण

अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गरी प्रदेशलाई समुन्नत बनाउनका लागि माननीय कृष्णचन्द्र नेपाली पोखरेल नेतृत्वको सरकार सुरुदेखि नै क्रियाशील छ । कोरोना महामारीका कारण मारमा परेको पर्यटन व्यवसायलाई उकास्न र पोखरा सुरक्षित छ भनेर अन्तर्राष्ट्रियस्तरमा प्रचार गर्नका लागि प्रदेश सरकारले अन्तर्राष्ट्रिय पर्यटन दिवसको अवसर पारेर एक वृहत कार्यक्रम गरेको छ । जसमा जर्मनी, युएई, दक्षिण कोरिया, उत्तर कोरिया, कतार, साउदी अरेबिया, थाइल्यान्ड, बंगलादेश, इजिप्ट, मलेसिया र फिनल्यान्डका राजदूत सहभागी भए । साथमा नेपालस्थित कुटनीतिक नियोगका प्रतिनिधि समेत कार्यक्रममा सहभागी भएर पोखरा र आसपासका पर्यटकीय क्षेत्रमा रमाए । उक्त अवसरमा मुख्यमन्त्रीद्वारा रात्रिभोजको आयोजना गरी नेपालको पर्यटकीय सम्भावनाका बारेमा पर्यटन बोर्ड र प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षका तर्फबाट प्रस्तुति समेत राखिएको थियो । साथै माननीय मुख्यमन्त्रीसँग विभिन्न देशका राजदूतहरुले उहाँकै कार्यकक्षमा आएर भेटघाट गरेका छन् ।

- माननीय मुख्यमन्त्रीसँग असार १५, २०७८ नेपालका लागि इजरायलका राजदूत हनान गोडेरको भेट  कृषिमा दक्ष जनशक्ति उत्पादन गरी व्यावसायिकता बृद्धिका लागि इजरायलले सहयोग गर्ने प्रतिबद्धता ।
- माननीय मुख्यमन्त्रीसँग भदौ १६, २०७८ संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) का नेपालस्थित डेपुटी रेसिडेन्ट रिप्रिजेन्टेटिभ (डिआरआर) बर्नान्डो कोकोबीच भेट । योजना निर्माण, सुशासन, हरित अर्थतन्त्र, लघुउद्यम प्रर्वद्धन लगायतका कार्यक्रममा युनडिपी सहकार्य गर्न तयार रहेको जानकारी ।
- माननीय मुख्यमन्त्री पोखरेल र विश्व बैंकका नेपालका लागि राष्ट्रिय निर्देशक फारिस हादाद जर्भोसबीच भदौ २१, २०७८ मा औपचारिक भेटघाट भएको छ । नेपालको संघीयता सुदृढीकरणका लागि विश्व बैंक सदा अग्रसर रहेको निर्देशक फारिसको भनाइ । रोड कनेक्टिभिटी उच्च प्राथमिकतामा ।
- गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र संयुक्त राष्ट्र संघका लागि नेपाल प्रमुख सारा बेसोलो नान्तीबीच असोज १०, २०७८ भेटघाट । दिगो आर्थिक विकास, प्रदुषणमुक्त रोजगारी (ग्रिन जब) आफूहरुको पहिलो प्राथमिकता राजदूत बेसोलको भनाइ ।
- मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलसँग युरोपियनका तर्फबाट नेपालका लागि राजदूत नोना डेप्रेबीच असोज १०, २०७८ भेटवार्ता । मुख्यमन्त्री पोखरेलद्वारा युरोपियन युनियनमा आवद्ध मुलुकहरुसँगको नेपालको मित्रता र नेपालको

विकासमा ती मुलुकहरुको पुऱ्याएको योगदानको स्मरण गर्दै आगामी दिनमा समेत निरन्तरता पाउने विश्वास व्यक्त । राजदूत नोना डेप्रेद्वारा नेपालको संघियिता सुदृढीकरण लगायतका क्षेत्रमा इयुले सहयोग गर्दै आएको र आगामी दिनमा समेत यसलाई निरन्तरता दिने प्रतिबद्धता ।

- माननीय मुख्यमन्त्री पोखरेलसँग असोज ११, २०७८ मा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) का नेपालस्थित आवासीय प्रतिनिधि आसायनी मेडागंगोडा लाबेको भेट । गण्डकी प्रदेशको गरिबी निवारणमा सहयोग गर्ने प्रतिबद्धता ।
- माननीय मुख्यमन्त्रीसँग असोज ११, २०७८ मुख्यमन्त्रीसँग दक्षिण कोरियाका राजदूत पार्क चोङ सुकको भेट । पोखराको यातायात व्यवस्थापनमा सहयोग गर्ने प्रतिबद्धता ।
- माननीय मुख्यमन्त्री र नेपालका लागि फ्रान्सका राजदूत ग्रिल्स ब्रोबाओबीच पुस १५, २०७८ मा भेटवार्ता । नेपालीको वहुपक्षीय विकासका लागि सहयोग गर्न फ्रान्स तयार रहेको प्रतिबद्धता ।
- माननीय मुख्यमन्त्री पोखरेल र नेपालका लागि संयुक्त अधिराज्य (बेलायत) का राजदूत निकोला क्याथरिन पोलिटबीच ९ फागुन, २०७८ मा औपचारिक भेटवार्ता भएको छ । संयुक्त अधिराज्यले नेपालको विकास र समृद्धिमा निरन्तर गर्दै आएको सहयोगको प्रशंसा गर्दै मुख्यमन्त्री पोखरेलद्वारा २ देशबीचको दौत्य सम्बन्ध निकै पुरानो भएको स्मरण ।
- गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र नेपालका लागि कार्यवाहक भारतीय राजदूत नाम्गे सी खम्पाबीच ११ जेठ २०७९ मा मुख्यमन्त्री कार्यालयमा भेट । भेटका अवसरमा प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बराल जीवन, कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापा, प्रमुख सचिव रविलाल पन्थ सहभागी ।
- माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र संयुक्त राष्ट्र संघका सहायक महासचिव २६ जेठ, २०७९ मा कान्नी विंगाराजा नेतृत्वको टोलीबीच मुख्यमन्त्री कार्यालयमा औपचारिक भेट । उक्त अवसरमा नेपालका लागि फ्रान्सका राजदूत गिल्स बौरबाओ, नेपालका लागि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका नेपाल प्रतिनिधि आइसाने मेडागान्गोडा लाबे, इसिमोडका महासचिव एवं कोइकाका नेपाल प्रतिनिधि लगायत सहभागी । गण्डकी प्रदेशका तर्फबाट पर्यटन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्मा कँडेल, नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्ले, प्रमुख सचिव रविलाल पन्थ, सचिव ज्ञानेन्द्र पौडल, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमाल भेटमा सहभागी ।

संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) को एसिया प्यासिफिक रिजनल ब्युरो डाइरेक्टर समेत रहेकी कान्नीसँगको भेटमा मुख्यमन्त्री पोखरेलद्वारा गण्डकी प्रदेश देशको पर्यटकीय राजधानी भएकाले पर्यटन क्षेत्रको समग्र विकासमा सहकार्य गर्ने इच्छा व्यक्त ।

- गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीसँग नेपालका लागि इश्लामिक गणतन्त्र पाकिस्तानका राजदूत शैयद हैदर शाहबीच १७ भदौ, २०७९ मा भेट । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा भएको भेटमा मुख्यमन्त्री पोखरेलले नेपाल र पाकिस्तानबीचको सम्बन्ध पुरानो रहेको भन्दै शिक्षा, स्वास्थ्य तथा पर्यटनका क्षेत्रमा सहकार्य अझै बढाएर लैजान सकिने भनाइ व्यक्त ।

## प्रथम आवधिक योजनाको मध्यावधि समीक्षा

नेपालको संविधानले प्रदेश सरकारलाई दिएको अधिकारको उपयोग गरी गण्डकी प्रदेशको प्रदेश नीति तथा योजना आयोगले आव २०७६।७७ देखि २०८०।८१ सम्म पाँच वर्षका लागि पहिलो आवधिक योजना बनाई कार्यान्वयन गरिरहेको छ। यसै क्रममा योजनाको प्रगति मूल्यांकन र समस्याहरुको पहिचान गरी भावी कार्यदिशा तय गर्नका लागि योजनाको मध्यावधि समीक्षा देहाय वमोजिम गरिएको छ।

१. नेपालको संविधानले प्रदेश सरकारलाई दिएको अधिकारको उपयोग गरी गण्डकी प्रदेशको प्रदेश नीति तथा योजना आयोगले आ.व. २०७६।७७ देखि २०८०।८१ सम्म पाँच वर्षका लागि पहिलो आवधिक योजना बनाई कार्यान्वयन गरिरहेको छ। यसै क्रममा योजनाको प्रगति मूल्यांकन र समस्याहरुको पहिचान गरी भावी कार्यदिशा तय गर्नका लागि योजनाको मध्यावधि समीक्षा सम्पन्न भएको छ ।

२. यो योजना मूलतः नेपालको संविधान, नेपालको पन्ध्रौं योजना र दिगो विकास लक्ष्यबाट निर्देशित छ। नेपालको पन्ध्रौं योजनाले अंगीकार गरेको 'समृद्ध नेपाल, सुखी नेपाली' को दीर्घकालीन सोचलाई अनुसरण गर्दै प्रदेश योजनाले 'समृद्ध प्रदेश, सुखी नागरिक' लाई दीर्घकालीन सोच बनाएको छ।

३. दीर्घकालीन सोचलाई व्यवहारमा उतार्न उच्च उत्पादन, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश निर्माण गर्ने लक्ष्य लिएको छ।

४. यस योजनामा समृद्धिका २६ र सुखका १२ मापक सूचकहरुको विकास गरिएको छ। योजना अवधिको पहिलो दुई वर्षको उपलब्धिको आधारमा यी सूचकहरुको लक्ष्य र प्रगतिको मूल्यांकन गर्दा समृद्धितर्फ १० वटा र सुखतर्फ एउटा सूचकको मात्र लक्ष्य प्राप्त हुने देखिएको छ। दिगो विकास लक्ष्यसँग सम्बन्धित सूचकहरुको उपलब्धि भने तुलनात्मक रुपमा थोरै राम्रो देखिन्छ । लैंगिक समानतासँग सम्बन्धित ७ वटा सूचकहरू मध्ये पनि ४ वटा सूचकहरूको लक्ष्य हासिल नहुने देखिएको छ ।

५. योजनाले वार्षिक औसत १०.२ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेकोमा समीक्षा अध्ययनबाट ५.६ प्रतिशतको मात्र वृद्धि हासिल हुने देखिएको छ। यति हुँदा पनि देशको कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान ८.३ प्रतिशत कायम राख्ने लक्ष्य भने हासिल हुने देखिन्छ ।

६. कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको योगदान आधार वर्षको भन्दा पनि कम भएकाले प्राथमिक क्षेत्रको योगदान संकुचन र द्वितीय क्षेत्रको योगदान विस्तार

गरी प्रदेश अर्थतन्त्रको संरचनामा उल्लेखनीय परिवर्तन ल्याउने योजनाको लक्ष्य पूरा हुने देखिँदैन । वास्तवमा कृषि उपजहरुसमेत आयात गर्नुपर्ने कारण ठूलो व्यापार घाटा व्यहोरिरहनु परेको अवस्थामा यो प्राथमिकतालाई पुनरावलोकन गरी कृषि उत्पादनमा आत्मनिर्भर हुन सके व्यापार घाटा न्यून बनाउन सकिन्छ ।

७. योजनाले लक्ष्य गरे अनुसारको लगानी पनि जुटाउन सक्ने देखिँदैन । योजना अवधिमा ४ खर्ब ७९ अर्ब २ करोड रुपैयाँले लगानी न्यून हुने अनुमान छ । यसले लक्ष्यको ४८ प्रतिशत लगानी न्यून देखाउँदछ ।

८. बेरोजगारी दर योजनाले लक्ष्य गरे भन्दा ३ प्रतिशत विन्दुले बढी हुने देखिन्छ भने रोजगारी र जनसंख्याको अनुपात योजनाले निर्धारण गरेको ३५।९ प्रतिशतको लक्ष्य भन्दा कमै हुने देखिन्छ ।

९. प्रदेशको प्रतिव्यक्ति आय योजनाको अन्तसम्ममा १९५६ अमेरिकी डलर पुऱ्याउने लक्ष्य रहेकामा आर्थिक वर्ष २०७८।७९ सम्ममा १४३७ अमेरिकी डलर मात्र पुगेको छ । उत्पादन र रोजगारी लक्ष्यअनुसार वृद्धि हुन नसकेको परिप्रेक्षमा प्रतिव्यक्ति आय पनि लक्ष्य अनुसार बढ्ने अपेक्षा गर्न सकिँदैन ।

१०. उत्पादन, लगानी, रोजगारी, आय आदि प्राय सबै प्रमुख सूचकहरुको प्रगति लक्ष्य अनुसार हुन नसक्नुमा मूलतः कोरोनाकै प्रभाव देखिन्छ । कोरोनाको कारणले ९८.२५ प्रतिशत संगठित व्यावसायिक प्रतिष्ठानहरुलाई असर परेको तथ्यांक यसै अध्ययनको सिलसिलामा गरिएको सर्वेक्षणबाट प्राप्त भएको छ ।

११. खाद्यान्न बालीको उत्पादकत्व, सिंचाई विस्तार, चक्लाबन्दी आदि कृषि उत्पादनको वृद्धिमा सहयोगी भूमिका निर्वाह गर्ने विभिन्न क्षेत्रहरुको निमित्त योजनाले निर्धारण गरेको लक्ष्य हासिल हुने नदेखिएकोले कृषि क्षेत्रमा वार्षिक औसत ५.५ प्रतिशतको वृद्धि हासिल गर्ने योजनाको लक्ष्य पनि पूरा हुने देखिँदैन ।

१२. गण्डकी प्रदेशको औद्योगिक उत्पादनमा वार्षिक औसत १३.३ प्रतिशतको उच्च वृद्धि दर हासिल गर्ने योजनाको लक्ष्य रहेकोमा योजनाको पहिलो तीन वर्षको औसत वृद्धि दर ०.२ प्रतिशत मात्र भएकोले योजनाको लक्ष्य पूरा नहुने देखिएको छ ।

१३. पर्यटनतर्फ पदमार्गहरुको स्तरोन्नति, विकास र निर्माण कार्यमा ९६ प्रतिशत उपलब्धि हासिल भएको देखिन्छ । तर होटल र घरबासको संख्या भने लक्ष्यअनुसार बढ्ने देखिँदैन ।

१४. हाल प्रदेशको औसत साक्षरता प्रतिशत ९६.५७ प्रतिशत छ र गण्डकीलाई साक्षर प्रदेश घोषणा गरिएता पनि १५ वर्ष माथिका नागरिकको साक्षरता दरमा सारभूत वृद्धि हुन सकेको छैन ।

१५. गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच विस्तार गर्ने लक्ष्य लिएकोमा हाल कूल जनसंख्याको ५३.७ प्रतिशतले मात्र ३० मिनेटको दुरीमा स्वास्थ्य सेवाको पहुँच लिन सक्ने अवस्था रहेको छ ।

१६. कोरोनाको असर दुर्गम क्षेत्रका र अपांगता भएका व्यक्तिहरुलाई बढी परेको देखियो । त्यसका कारण विशेषत: अपांगता भएका व्यक्तिहरुले न्यूनतम सेवा र सहायतामा समेत पहुँच पाउन सकेनन् ।

**अन्त्यमा,**

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि अभ्यासमा आएको प्रदेश संरचनाले पहिलो कार्यकाल सम्पन्न गरेको छ । शून्यबाट सुरु भएको यो यात्राले महत्वपूर्ण सफलता हासिल गरेको छ यद्यपि आम जनताको अपेक्षा तथा जनप्रतिनिधिको सोचको पूर्ण सम्वोधन हुन भने सकेको छैन । सिमित स्रोत साधन, अनुभवको अभाव, शून्यबाट थाल्नु परेको यात्रामा प्राप्त यो सफलता लाई कम आक्न मिल्दैन । प्रदेशले उच्च आर्थिक बृद्धिदर हासिल गर्ने, गरिबी बेरोजगारी र असमानताका अन्त्य गर्ने, विद्यमान पूर्वाधारमा सुधार गरी अन्तर्राष्ट्रियस्तरको बनाउने, कृषि तथा उद्योगमा लगानी बढाई आत्मनिर्भर हुने र छिमेकी मुलुक तथा अन्य प्रदेशमा निर्यात गर्नेतर्फ विशेष ध्यान दिनु जरुरी छ । स्थानीय तहसँगको सहकार्यलाई थप प्रभावकारी बनाउने, प्रदेशको समृद्धिका लागि सबै प्रदेशको नेतृत्वबीच छलफल भई संघीय सरकारसँगको सहकार्यका साथसाथै संविधानत प्रदेशलाई प्राप्त अधिकार हासिल गर्न प्रयत्न गर्नुपर्ने छ । आन्तरिक स्रोत बृद्धि नगरी प्रदेशले स्वतन्त्रढंगबाट काम गर्न सक्दैन त्यसैले आन्तरिक स्रोत परिचालनमा बृद्धि ल्याउन करका दायरा बढाउने, प्रदेशमा आर्थिक क्रियाकलाप विस्तार गर्नेतर्फ ध्यान दिनु आवश्यक छ । गण्डकी प्रदेशसँग जोडिएका प्रदेशहरु बागमती, लुम्बिनी, कर्णालीसँग पूर्वाधार निर्माण, प्रविधिक प्रयोग, पर्यटन प्रवर्धन लगायतका विषयमा संयुक्त लगानी र प्रयत्न आवश्यक छ । त्यस्तै बाँकी प्रदेशसँग हवाई सम्पर्क जोडने, अध्ययन अनुसन्धान, व्यापार, शिक्षा तथा स्वास्थ्य आदिमा सहकार्य गर्नु पर्दछ । विश्वका दुई ठूला बजार र अर्थतन्त्रको लाभ लिने गरी योजना बनाई कार्यान्वनय गर्नु आवश्यक छ । निजी क्षेत्रलाई लगानीको लागि अनुकुल वातावरण नदिँदासम्म दिगो र फराकिलो आर्थिक विकास सम्भव नभएकाले निजी क्षेत्रमैत्री नीति र कार्यक्रममा जोड दिनु आवश्यक छ । जनसांख्यिक लाभ लिन सक्ने गरी युवा र दक्ष जनशक्तिलाई हामीले परिचालन गर्नु पर्दछ । सुशासनले मात्र हामीले सोचेका तथा योजना गरेका लक्ष्यहरु प्राप्त हुन सक्ने हुदा सेवा प्रवाहमा चुस्तता, कार्यसम्पादनमा प्रभावकारिता, निर्णय र स्रोत परिचालनमा पारदर्शिता कायम हुने गरी प्रदेश सरकारले काम गर्नु आवश्यक छ । प्रदेशले पहिलो कार्यकालमा सम्पादन गरेका कामको वस्तुपरक समीक्षा गरी भावी कार्यदिशा तय गर्न नयाँ नेतृत्व सक्षम हुनेछ भन्ने विश्वास लिइएको छ । धन्यवाद् ।


सपथ ग्रहण कार्यक्रम
मिति: २०७८/०२/२९





# गण्डकी प्रदेश




**प्रकाशक**

## मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय

**गण्डकी प्रदेश, पोखरा, नेपाल**

**फोन :** ०६१-४६७६४८, ४६७६६४, ४६७६८३, ४६७८५१

**इमेल :** ocmcm@gandaki.gov.np
ocmcm.gandaki@gmail.com